का.जि.प्र.का.द.नं. १००/०५९/६०
२८ असार २०७९,
मंगलबार
12 July 2022,
Tuesday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक


ईपेपर हेर्न

वर्ष २०, अंक १५७ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com

## संवैधानिक परिषद विधेयक


# फिर्ता लिन चर्को दबाब

संवैधानिक परिषद सम्बन्धी विधेयक फिर्ता लिन सरकारमाथि चौतर्फी दबाब परेको छ । परिषद अध्यक्षसहित ३ जनाले परिषद बैठक राख्न र निर्णय गर्न सक्ने गरी विधेयक ल्याएपछि सरकारले चर्को आलोचना खेपिरहेको छ ।










**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २७ असार ।

संवैधानिक परिषद (काम, कर्तव्य अधिकार र कार्यविधि) सम्बन्धी ऐन, २०६६ लाई संशोधन गर्न बनेको विधेयक फिर्ता लिन सरकारमाथि चौतर्फी दबाब परेको छ । परिषद अध्यक्षसहित ३ जनाले परिषद बैठक राख्न र निर्णय गर्न सक्ने गरी विधेयक ल्याएपछि सरकारले चर्को आलोचना खेपिरहेको छ ।

सरकारको नियत्तमाथि विपक्षी दलहरु र नागरिक समाजले मात्रै प्रश्न गरेको छैन् । स्वमं पाँच दलीय सत्ता गठबन्धन र सरकारको नेतृत्वकर्ता दल कांग्रेसका नेताहरुले तत्काल फिर्ताको माग राखेका छन् ।

पार्टी महाधिवेशनमा शेरबहादुर देउवासँग पराजित कांग्रेस नेता डा. शेखर कोइराला संवैधानिक परिषदसम्बन्धी विधेयक तत्काल फिर्ता हुनुपर्ने बताउँछन् । सोमबार पार्टी कार्यालय, सानेपामा सञ्चारकर्मीहरुसँग कुरा गर्दै डा. कोइरालाले भने, 'संवैधानिक परिषदसम्बन्धी अध्यादेश ल्याउँदा ओली सरकारको विरोध गरेका थियौं । हामीले त्यो बेला विरोध गरेको अध्यादेश विधेयकका रुपमा ल्याउनु गलत छ । यो फिर्ता हुनुपर्छ ।'

कांग्रेसकै महामन्त्रीद्धय गगन थापा र विश्वप्रकाश शर्माले पनि प्रधानमन्त्री देउवामाथि दबाब बढाएका छन् ।

महामन्त्री थापाले सोमबार ललितपुरमा आयोजित एक कार्यक्रमलाई सम्बोधन गर्दै भने, 'प्रधानमन्त्री शेरबहादुर देउवाले यस कुरालाई गम्भिर तरिकाले लिनुपर्छ । आज-भोलिमा त्यो विधेयक फिर्ता हुन्छ ।'

तत्कालीन केपी शर्मा ओली नेतृत्वको सरकारको पालामा ल्याइएको संवैधानिक परिषद काम, कर्तव्य. अधिकार र कार्यविधि सम्बन्धी ऐन, २०६६ लाई संशोधन गर्न बनेको अध्यादेशसँग मिल्दोजुल्दो प्रावधान राखी अहिलेको सरकारले विधेयक ल्याएपछि आलोचना गर्नुपरेको कांग्रेस नेताहरु बताउँदछन ।

'पूर्ववर्ति सरकारले यस्तै विधेयक ल्याउँदै गर्दा कांग्रेसले गलत भन्यो, संविधान विपरीत भएकाले मान्दैनौं भनेर कांग्रेसले भन्यो, सभापति त्यो बैठकमा भाग लिन नै जानुभएन,' महामन्त्री थापाले भने, 'हिजो गलत भनेको कुरालाई आज हामीले सही भन्न पाउँछौं ? पाउँदैनौं । हिजो गलत थियो भने आज पनि गलत छ ।'

आफुहरुले प्रधानमन्त्री देउवालाई भेटेर नै फिर्ता लिन आग्रह

– बाँकी पृष्ठ २ मा

## संसदलाई संधै कोरम समस्या

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, २७ असार ।

राष्ट्रिय सभाबाट पारित भएर आएको रेल्वे विधेयक प्रतिनिधिसभाबाट पनि पारित गर्ने सोमबारको कार्यसूची थियो । तर, गणपुरक संख्या नपुग्दा कार्यसूची अनुसार संसदले निर्णय गर्न सकेन् । बरु गणपूरक संख्या उपस्थित नहुँदा बैठक नै बैठक नै बुधबारसम्मका लागि स्थगित हुन पुग्यो ।

बैठकमा गणपूरक संख्या ७९ हुनुपर्नेमा ६१ मात्रै भएपछि सभामुख अग्निप्रसाद सापकोटाले बुधबारसम्मका लागि बैठक स्थगित गरेका हुन् । नेकपा एमालेका सांसद भूपेन्द्र थापाले बैठकमा गणपूरक संख्या भएको भन्दै गणना माग गरे । लगत्तै सभामुख सापकोटाले गणना गर्दै बैठक स्थगित गरेका हुन् ।

पछिल्लो समय निरन्तर प्रतिनिधिसभाले गणपुरक संख्याको समस्या झेल्नु परेको छ । पारित हुनै लागेको विधेयक कोरम नपुगेरै रोकिने प्रवृति दोहोरिन थालेको छ ।

संसदलाई कोरम समस्या सोमबार मात्रै भएको होइन । पटक-पटक भएको छ । यसअघि असार १२ गते पनि गणपूरक संख्या नपुग्दा बैठक स्थगित हुन पुगेको थियो ।

गणपुरक संख्या पुग्न सबै सांसद उपस्थित हुनुपर्ने पनि होइन । २७५ सांसद भएको सभामा ६९ सांसद उपस्थित भए गणपुरक संख्या पुग्छ । संसदमा गणपूरक संख्या भनेको एक चौथाइ मात्र हो । संसदमा कुनै प्रस्ताव निर्णयार्थ पेश गर्दा कुल सदस्य संख्या २७५ को एक चौथाइ सदस्य अर्थात ६९ जना उपस्थित हुनुपर्ने संवैधानिक व्यवस्था छ । संविधानको धारा ९४ मा 'कुनै पनि प्रश्न वा प्रस्ताव निर्णयार्थ पेश गर्न प्रतिनिधिसभाको एक चौथाइ सदस्य उपस्थित हुनुपर्ने' व्यवस्था छ ।

संसदमा एक चौथाई सांसद पनि उपस्थित नभइदिँदा संसदलाई संधै कोरम समस्या पर्ने गरेको छ । सांसदहरु संसद बैठकमै नजाने पनि होइनन् । उपस्थित भएर हाजिरी पुस्तकमा हाजिर गरेर हिड्ने प्रवृतिले पनि समस्या हुने गरेको छ । हाजिर गरेपछि बैठक भत्ता एक हजार रुपैयाँ र ट्याक्सी भाडा शीर्षकमा अर्को एक हजार

– बाँकी पृष्ठ २ मा

# चुनावी गठबन्धनप्रति अडिग देउवा

नेपाली कांग्रेसका सभापति एवं प्रधानमन्त्री शेरबहादुर देउवा आसन्न प्रदेश र संघीय संसदको चुनावी गठबन्धनप्रति अडिग देखिएका छन् । एक्लै चुनाव लडौं भन्ने पार्टीका नेताहरुलाई एक्लै चुनाव लडेर जितेर देखाउन सभापति देउवाको चेतावनी छ ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २७ असार ।

स्थानीय तहको चुनावमा भएको पाँच दलीय गठबन्धनलाई आसन्न प्रदेश र संघीय संसदको चुनावमा पनि कायमै राखेर जाने सोचमा छन् नेपाली कांग्रेसका सभापति एवं प्रधानमन्त्री शेरबहादुर देउवा । स्थानीय तहको चुनावमा गरेको गठबन्धनलाई लिएर उनले पार्टीभित्र बिभिन्न कोणबाट उठेका प्रश्नहरुको सामना गर्नुपरेको थियो ।

यसपटक त्यस्तो धेरै प्रश्न उठिसकेको छैन् । यदाकदा केही नेताहरुले एक्लै लडौं न त भनेर प्रस्ताव राख्ने नेताहरुलाई उनले फेरि पनि एक्लै चुनाव लडेर जित्न चेतावनी दिइरहेका छन् । यसले देउवा पाँच दलीय गठबन्धनप्रति अडिग रहेको संदेश प्रवाह गरेको स्वंम कांग्रेस नेताहरु बताउँछन् ।

सोमबारदेखि सुरू भएको केन्द्रीय कार्यसमितिको बैठकमा सत्ता गठबन्धनका विषयमा नेताहरुले प्रश्न उठाएका छन् । कहिलेसम्म जान्छ यो गठबन्धन भनेर प्रश्न गरिरहेका छन् । जवाफ दिँदै देउवाले नेताहरुका साम्र स्थानीय तहमा तालमेल गरेका सत्तारुढ पाँच दलका बीचमा आसन्न निर्वाचनमा

– बाँकी पृष्ठ २ मा



## असन्तुष्ट शेखर

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, २७ असार ।

नेपाली कांग्रेसका नेता डा. शेखर कोईरालाले चुनावी तालमेलप्रति असन्तुष्टि जनाएका छन् । उनले पार्टीको केन्द्रीय समिति बैठकमा १२ बुँदे धारणा पेश गर्दै तालमेल कांग्रेसलाई भन्दा अरुलाई नै फाईदा भएको बताएका हुन् ।

'तालमेलका कारण केही बढी सिट त जित्यौं तर पार्टीको आदर्श र सिद्धान्तलाई कहाँ पुर्‍याउन खोज्दै छौं ? स्थानीय तहको निर्वाचनमा स्थानीय अवस्था र आवश्यकताका आधारमा स्थानीय तहमै तालमेल गर्ने भन्यौं तर कतिपय स्थानीय तहमा केन्द्रबाट टिकट दिन बाध्य पर्‍यौं,' उनले भने, 'अर्कोतर्फ तालमेलका नाममा स्थानीय तहमा महिला सहभागितालाई खुम्च्याउने काम भयो । त्यो पनि विचार गर्न जरुरी छ । तालमेलले काँग्रेस पार्टीलाई भन्दा अन्य पार्टीलाई बढी लाभ भयो । तालमेलमा जानुपूर्व सिङ्गो काँग्रेसलाई एक ढिक्का बनाइनुपर्थ्यो । क्रियाशीलता, लोकप्रियता तथा वरिष्ठताको मापदण्ड

– बाँकी पृष्ठ २ मा

# ११ महिनामा झण्डै ४ प्रतिशतले रेमिट्यान्स वृद्धि

**मध्यान्ह संवाददात**
काठमाडौं, २७ असार

नेपाल राष्ट्र बैंकले नेपालबाट वैदेशिक रोजगारीमा जाने युवायुवतीको संख्या उल्लेख्यरूपमा बढेको बताएको छ । राष्ट्र बैंकले सोमबार सार्वजनिक गरेको चालू आर्थिक वर्षको ११ महिनाको विवरणअनुसार वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति लिनेको संख्या ३ लाख १३ हजार ३सय ६७ पुगेको बताएको छ ।

अघिल्लो वर्ष ११ महिनाको सोही अवधिमा वैदेशिक रोजगारीमा जान श्रम स्वीकृति लिनेको संख्या ६८ प्रतिशतले घटेको थियो । राष्ट्र बैकले सार्वजनिक गरेको संख्या संस्थागत तथा व्यक्तिगत-नयाँ र वैधानिकीकरणको हो ।

पुन: श्रम स्वीकृति लिनेको संख्या अघिल्लो वर्षको तुलनामा २०८.३ प्रतिशतले वृद्धि भई २ लाख ५९ हजार ९१ पुगेको बताएको छ ।

वैदेशिक रोजगारीमा जाने नेपालीको संख्यामा वृद्धिसँगै चालू आर्थिक वर्षको ११ महिनामा नेपाल आउने रेमिट्यान्स पनि सोही अनुसार उल्लेख्य मात्रामा बढेको राष्ट्र बैंकले जनाएको छ ।

चालू आर्थिक वर्षको हालसम्म नौ खर्ब चार अर्ब १८ करोड बराबरको विप्रेषण आप्रवाह भएको बैंकले जनाएको छ ।

११ महिनाको अवधिमा विप्रेषण आप्रवाहमा ३.८ प्रतिशतले वृद्धि भएको हो । अमेरिकी डलरमा भएको विप्रेषण आप्रवाह १.५ प्रशितले वृद्धि भई सात अर्ब ५१ करोड बराबर पुगेको छ । अघिल्लो वर्ष यस्तो आप्रवाह १०.५ प्रतिशतले बढेको थियो ।

### वैदेशिक रोजगार विशेष

## मलेलियाको कम्पनीले चर्को कमिशनमा सम्झौता तोडेको आरोप

**काठमाडौं/मस-** फ्युजन इन्टरनेशनल प्रा.लि.ले मलेसियाको तान चोङ ग्रुप अफ कम्पनीले फ्रि भिसा फ्रि टिकट अन्तर्गत नेपाली कामदार लैजान गरेको सम्झौता पालना नगरेको बताएको छ ।

उक्त कम्पनीले मातहत रहेका ७ वटा होल्डिङ कम्पनीका लागि नेपालबाट स्वच्छ एवं न्यायोचित भर्ना प्रक्रियाका माध्यमबाट कामदार लैजान फेयर रिक्रुटमेन्ट प्रोसेस (ईपान)को सदस्य समेत रहेको आफ्नो संस्थासँग गत जुन २८ तारेखमा सम्झौता गरे पनि हाल उक्त कम्पनीले चर्को कमिशन लिएर डिमाण्ड बिक्री गरेको सञ्चालक कुमुद खनालले दाबी गरे ।

सम्झौताका परिपालना नहुँदा नेपाल र मलेसियाबीच करिब तीन वर्षअघि भएको श्रम सम्झौताको प्रत्यक्ष उल्लंघन भएको भन्दै खनालले

– बाँकी पृष्ठ २ मा

UAE मा रोजगारको अवसर | कम्पनी : DUBAI LONDON HOSPITAL L.L.C
शहर: UAE
पूर्व स्वीकृत मिति:२०७९/03/२२ चलानी नं.:६०१८२६६९ LT. No.: 266269

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | NURSE | 5 | 15 | सम्बन्धित काममा दक्ष | 3000 | १०२,६९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | HOUSE KEEPING CLEANER | 5 | 15 | | 1250 | ४२,७८७ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ असार ३१ गते (15 July 2022) मा हुनेछ ।

Note:
1.SALARY AFTER DHA LICENSE IS AED 4500/-.
2. DHA LICENSE CAN BE OBTAINED AFTER JOINING ON COMPANY COST.

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

श्रम इजाजत नं. ९२६/०६७/०६८
VASTU MANAGEMENT SERVICE PVT.LTD.
Sinamangal-9, Kathmandu, Nepal, Tel. : 01-4461217, 4461317, Mob.: 9808772723
E-mail : info@vmsnepal.com, vmsnepal@gmail.com

तु-आवश्यकता
यस प्रतिष्ठित मेनपावर कार्यालयका लागि निम्न लिखित कर्मचारीहरु चाहिएकोले ईच्छुक ब्यक्तिहरुले तु-सम्पर्क गर्नुहोला ।
पी. आर. ओ. : ५ जना
अंग्रेजी राम्रो बोल्न र लेख्न सक्ने, कम्प्युटर सम्बन्धी राम्रो ज्ञान भई म्यानपावर क्षेत्रमा कम्तीमा ३ वर्षको अनुभव हुनुपर्नेछ ।
सुविधाहरु : कम्पनीको नियम अनुसार तलब आकर्षक हुनेछ ।
Diamond Star Overseas Pvt. Ltd.
Gov. Lic. N.: 1353/074/075
Buddhanagar-10, Kathmandu, Ph.: 9823132430, 9811052357

Vacancy Announcement
One of the reputed recruitment agency is seeking for following applicants.
1. PRO Assistant : 2 Male
Requirements:
+2 passed, excellent in computer knowledge.
2. Receptionist : 2 Female
Requirements:
+2 passed/bachelor running, smart & energetic, can read, write & speak english with basic computer knowledge
Salary Attractive
Interested candidates can send us their cv at email:
info@palhioverseas.com, palhioverseas2006@gmail.com
or can contact on
9801212601, 01- 4015655, 4015792
Palhi Overseas Pvt.Ltd.
Chappalkarkhana, Kathmandu, Nepal

# आफ्नै पार्टी जोगाउन नसक्नु कमजोरी भयो : केपी ओली

**काठमाडौं/मस–** नेकपा एमालेका अध्यक्ष एवम् पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले देशको अहिलेको अवस्था आउनुमा आफ्नो पनि कमजोरी रहेको स्वीकार गरेका छन् । राजधानीमा आयोजित सम्पादकहरुसँगको छलफलका क्रममा ओलीले ठूलो पार्टीको अध्यक्षको हैसियतले आफ्नो पनि कमजोरी रहेको स्वीकार गरेका हुन् । 'दलहरुप्रतिको आकर्षणमा न्यूनता आउने कुरा भएको छ । तर, देशको सबैभन्दा ठूलो पार्टीको अध्यक्षको हैसियतले कमजोरी छैन भन्न सकिँदैन,' ओलीले भने, 'हिजो आफ्नै पार्टी जोगाउन सकिएन । त्यस्तो अवस्था हाम्रो तर्फबाट कुनै कमीकमजोरी छैन भन्न मिल्दैन ।'



उनले गठबन्धनका दलहरूका कारण पनि यस्तो समस्या आएको बताए । पार्टी फुटाएर जानेहरुलाई आफूले सम्झाउन नसकेको पनि बताए । 'उनीहरुलाई सम्झाउन सकिएन, भ्रम तोड्न सकिएन, उनीहरुलाई गठबन्धन गलत तरिकाबाट बनाउनबाट रोक्न सकेनौं' उनले भने ।

यस्तै उनले आगामी निर्वाचनमा गठबन्धन नगर्ने बताएका छन् । यथास्थिति नै दोहोरिने खालका गठबन्धन बनाउन एमाले अग्रसर नहुने उनको भनाइ थियो । विहे र डिभोर्सको प्रसङ्गलाई जोडेर गठबन्धनबारे ओलीले नक्कली विहे गरेर सक्कली डिभोर्स नगर्ने बताए ।

'एकपल्ट विहे हुन्छ फेरि डिभोर्स हुन्छ । फेरि विहे हुन्छ, फेरि डिभोर्स पनि हुन्छ । यसको पछाडिको कारण डिभोर्स चैं साँचो हुन्छ, विहे चैं नक्कली हुन्छ,' ओलीले भने । त्यस कारण साँचो डिभोर्स गर्नका लागि, नक्कली विहे गर्ने कुरमा एमाले नहत्तारिँने उनको भनाइ थियो ।

# कर्णाली प्रदेशको बजेट बहुमतले पारित

**सुर्खेत/मस–** कर्णाली प्रदेश सरकारको आगामी आर्थिक वर्ष २०७९/०८० का लागि ल्याइएको बजेट बहुमतले पारित भएको छ । प्रदेशसभाको १० औं अधिवेशनको २३औं बैठकमा 'कर्णाली प्रदेश आर्थिक विधेयक, २०७९' माथिको छलफलमा भाग लिँदै पूर्वमन्त्री एवं प्रदेशसभा सदस्य दल रावलले कर बढाउने घटाउने काम राजश्व प्रशासनले गर्ने भन्दै राजश्व बढाउनेतर्फ बजेट लगानी गनुपर्नेमा जोड दिए । 'अहिलेसम्म संघीय सरकारका चारवटा अनुदान प्राप्त बजेटबाट खर्च गरिरहेका छौं,' उनले भने, 'हामीले एक अर्ब राजश्व सङ्कलन गर्न सकेका छैनौं र यसको आकार पनि सानो छ ।'

राजश्व सङ्कलनका क्षेत्र पहिचान गर्न र वित्तीय अनुशासन कायम गरी कर्णालीको दिगो अर्थतन्त्रमा सहयोग पुर्‍याउने योजना अगाडि बढाउनेतर्फ ध्यान दिन सदस्य रावलले सरकारलाई सुझाव दिए ।

उक्त छलफलमा उठेका प्रश्नहरुमाथि जवाफ दिँदै मुख्यमन्त्री जीवनबहादुर शाहीले राजश्व वृद्धि गर्ने विषयमा प्रदेशसभा सदस्यले महत्वपूर्ण सुझाव दिएको प्रतिक्रिया दिए । उनले सरकार राजश्व वृद्धि गर्ने खालका कार्यक्रम तथा योजनाको बढोत्तरीमा लाग्ने जनाए ।

सभामुख राजबहादुर शाहीले मुख्यमन्त्री जीवनबहादुर शाहीलाई आर्थिक मामिला तथा योजनामन्त्री विन्दमान विष्टको तर्फबाट 'कर्णाली प्रदेश आर्थिक विधेयक, २०७९' सहित समग्र बजेट पारितका लागि सभामा प्रस्ताव गर्न अनुमति दिए । मुख्यमन्त्री शाहीले सभामा बजेट पारितका लागि प्रस्ताव गरेसँगै उक्त बजेट बहुमतले पारित भयो । प्रदेश सरकारले आगामी आव २०७९/०८० का लागि यही असार १ गते रु ३२ अर्ब ६१ करोड ६१ लाख बजेट प्रस्तुत गरेको थियो ।

## फिर्ता ...

गरिसकेको उल्लेख गर्दै उनले प्रचलित कानुनभन्दा फरक तरिकाले राष्ट्रिय सभामा संवैधानिक परिषद सम्बन्धी विधेयक दर्ता भएको बताए ।

कांग्रेसका अर्का महामन्त्री विश्वप्रकाश शर्माले संवैधानिक परिषद् सम्बन्धी विधेयकान प्रधानमन्त्रीको जवाफदेही जरुरी रहेको बताएका छन् । तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीको पालामा ल्याइएको अध्यादेशसँग मिल्दोजुल्दो प्रावधानसहित संवैधानिक परिषद सम्बन्धी विधेयक ल्याउन सरकारलाई कसले सल्लाह दियो ? भन्ने उनको प्रश्न छ ।

'संवैधानिक परिषद् सम्बन्धी विधेयक अविलम्ब फिर्ता त हुनुपर्छ नै, तर यस्तो भयो कसरी ? हुन्छ कसरी ? गर्छ कसले ? सल्लाह दिन्छ कसले ? यो दुःखद छ । प्रधानमन्त्री शेरबहादुर देउवाको गम्भीर जवाफदेहीता जरुरी छ' सामाजिक सन्जालमा शर्माले लेखेका छन् । ओलीको पालामा गलत भनिएको कुरा देउवाको पालामा गलत नै हुने कुरामा आफूहरु प्रष्ट रहेको उनको भनाई छ । कांग्रेसभिबाट मात्रै यसको विरोध भएको छैन् । पाँच दलीय सत्ता गठबन्धनमा रहेका अरु दलहरु पनि प्रधानमन्त्री देउवामाथि खनिएका छन् ।

सरकारको एक घटक नेकपा माओवादी केन्द्रका वरिष्ठ नेता नारायणकाजी श्रेष्ठले संवैधानिक परिषद्सम्बन्धी विधेयकबारे सत्ता गठबन्धनमा छलफल हुनुपर्ने माग राखेका छन् । यस विषयमासार्वजनिक बहस पनि हुनु पर्ने बताउँदै उनले छलफल गरेर सकारात्मक समाधान निकाल्नुपर्ने बताएका छन् ।

'संवैधानिक परिषद ऐन संशोधन विधेयकको हकमा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले अध्यादेश मार्फत ल्याएको र हामी सबैले विरोध गरेको प्रावधान नै ल्याउन खोज्नु नैतिक र उपयुक्त हुन सक्दैन । यस्तो दोहोरो मापदण्ड प्रदर्शन नगरौं ।' उनले सामाजिक सन्जालमा लेखेका छन् । प्रमुख विपक्षी नेकपा एमालेका नेताहरुले पनि सरकारमाथि प्रश्न उठाएका छन् । एमाले अध्यक्ष केपी ओलीले त विगतमा आफुले ल्याएको संवैधानिक परिषदसम्बन्धी अध्यादेशको विरोध गरेर अहिले उस्तै प्रकृतिको विधेयक ल्याएको भन्दै प्रधानमन्त्री देउवाको नियत्तमाथि प्रश्न उठाएका छन् । आफुले ल्याएकै प्रावधान समेटेर विधेयक ल्याउनु विगतमा विरोध गरेर गलत गरेको स्वीकार गर्नु रहेको उल्लेख गर्दै उनले सर्वोच्च अदालतमा विचाराधीन मुद्दा फिर्ता लिन र जनतासँग माफी माग्न सुझाएका छन् ।

'गर्नै मिल्दैन, असंवैधानिक छ भनेर सर्वोच्च अदलतमा मुद्दा हालेको छ, यता राष्ट्रियसभा जस्तो ठाउँमा लगेर नगरी हुँदैन, संविधानसम्मत छ भनेको छ । यो भन्दा निर्लज्ज, दुईमुखे दुईजिब्रे अरु के हुन्छ ?' सोमबार सम्पादकहरुसँग भएको छलफलमा ओलीले भने, 'यो लज्जानपस्पद कुरा हो । उहाँहरुले त्यो मद्दा फिर्ता लिनुपर्छ । हिजो गरेको कामहरुमा माफी माग्नुपर्छ । हिजो हामीले जानेनछौं भनेर नेपाली जनतासँग भन्नुपर्छ ।'

एमालेकै सचिव योगेश भट्टराईले संवैधानिक परिषद् सम्बन्धी विधेयक फिर्ता लिन माग गरेका छन् । सरकारले ल्याएको विधेयक संविधानको अक्षर र भावना बिपरीत भएकाले फिर्ता लिनुपर्ने उनको तर्क छ । 'सार्वभौमसत्ता सम्पन्न जनताका प्रतिनिधिहरुले राष्ट्रिय सहमतिको रुपमा जारी गरेको नेपालको संविधानको अक्षर र भावना बिपरीत सरकारले हालै राष्ट्रियसभामा पेश गरेको संवैधानिक परिषद् सम्बन्धी विधेयकको विरोध गर्दछु', भट्टराईले सामाजिक संजालमार्फत भनेका छन्

सत्तामा बस्नेहरुले संविधान भत्काउने नभएर रक्षा गर्ने दायित्व पूरा गर्नुपर्ने पनि उनले उल्लेख गरेका छन् । सचिव भट्टराईले लेखेका छन्, 'सत्तामा बस्नेहरुले आफ्नो अनुकुल संविधान भत्काउने होइन, बरु संविधान अनुकुल चल्ने र संविधानको रक्षा गर्ने दायित्व हुन्छ भन्ने भुल्न हुँदैन ।'

## संसदलाई ...

रुपैयाँ पाउँछन् । त्यही कारण भत्ताका लागि हाजिर गर्ने र टाप कस्ने प्रवृत्तिले कोरम नपुगेर पटकपटक बैठक स्थगित हुने गरेको छ ।

प्रतिनिधिसभा नियमावली अनुसार सम्बन्धित सदनलाई सूचना नदिई लगातार १० वटा बैठकमा अनुपस्थित रहेमा सभामुखले स्पष्टीकरणको मौका दिएर चित्त नबुझे पदमुक्त समेत गर्न सक्ने प्रावधान छ । तर हाजिर गरेर टाप कस्ने सांसदलाई सम्बोधन गर्ने कानुनी प्रावधान छैन । संसद सचिवालयका पूर्वमहासचिव सूर्य किरण गुरुङ हाजिर गरेर टाप कस्ने प्रवृति धेरै पहिलेदेखि रहेको बताउँछन् । र यो नैतिक प्रश्न भएको उनलाई लाग्छ । भन्छन्, 'पहिला पनि भइरहेको कुरा हो हाजिर गर्ने, हिड्ने । अहिले पनि सांसदहरु यस्ता गतिविधि गरिरहेका छन् । यो सांसदहरुको गैरजिम्मेवारीपन हो ।'

## चुनावी...

पनि गठबन्धन गर्ने प्रतिबद्धता जनाइदिएका छन् । गठबन्धनमा रहेका दलहरुका बीचमा अहिले सिट बाँडफाँडको विषयमा छलफल चलिरहेको पनि उनले प्रष्ट संदेश दिएका छन् ।

बरु देउवाले गठबन्धनमा यसबारे छलफल हुनुअघि पार्टीभित्र सुझाव लिन चाहेका छन् । देउवाले केन्द्रीय समिति बैठकमा स्थानीय तह निर्वाचनको परिणाम र चुनावी गठबन्धनको समीक्षा गर्ने एजेन्डा नै अघि सारेका छन् । बैठकमा केन्द्रीय निर्वाचन परिचालन समितिका संयोजक एवम् उपसभापति पूर्णबहादुर खड्काले गठबन्धनका कारण नेपाली कांग्रेस पहिलो पार्टी बनेको निष्कर्षसहितको प्रतिवेदन पेस गरेपछि बोल्ने क्रममा नेताहरूले भने गठबन्धन कहिलेसम्म जान्छ ? भनी प्रश्न गरेका छन् ।

बैठकमा बोल्ने नेता डा.शेखर कोइराला समूहका नेताहरूले भने गठबन्धन गरे पनि पार्टीले उल्लेख्य जित हासिल गर्न नसकेको बताएका छन् । गठबन्धनकै कारण मात्रै पार्टी स्थानीय चुनावमा पहिलो दल बन्यो भन्न नमिल्ने जिकिर उनीहरुको छ ।

बैठकमा प्रदेश सभापतिहरूले ७-७ मिनेट रिपोर्टिङ गरे पनि केन्द्रीय सदस्यहरूलाई ५-५ मिनेट बोल्ने पालो दिइएको छ । मंगलबार पनि नेताहरुले बोल्नेछन् । अर्को बैठक मंगलबार दिउँसो १ बजेलाई बोलाइएको छ ।

## असन्तुष्ट...

बनाएर भूगोल, जनसङ्ख्या तथा जातीय सन्तुलनका आधारमा न्यायोचित ढङ्गले टिकट वितरण गरिनुपर्थ्यो तर कतिपय स्थानमा त्यो हुन सकेन ।'

भातृसंस्थाहरू लामो समयदेखि नेतृत्व विहीन तथा प्रायः निष्प्रभावी भएकाले प्रतिकुल प्रभाव परेको भन्दै नेतृत्व देखि कार्यसमिति विधान बमोजिम पदाधिकारी सहित न्यायोचित ढंगबाट निर्माण गर्नुपर्ने माग राखेका छन् । 'पार्टीको आन्तरिक जीवनमा बहस, छलफल र अन्तरक्रिया गरी निर्णयमा पुग्ने विगतको परिपाटी र परम्परा भन्दा पनि सभापतिज्यू एकल र एकपक्षीय ढंगबाट निर्णयमा पुग्ने गरेको देखिएको छ । यो पार्टीमा लाखौं साथीहरूको बलिदानी तथा लगानी छ । तसर्थ पार्टीको निर्णयले सबैको मन छुन आवश्यक छ', उनले भने ।

सत्तागठबन्धनप्रति हजारौं नेताकार्यकर्ता सकारात्मक बन्न नसकेको भन्दै उनले आगामी निर्वाचनमा यसबारे गम्भीर समीक्षा गरेर मात्रै अघि जानुपर्ने बताएका छन् । 'स्थानीय निर्वाचनको परिणामलाई लिएर उनीहरू काँग्रेस विरुद्ध तीतो पोखिरहेको कुरा सभापतिज्यूको जानकारीमा पनि होला भन्ने मलाई लागेको छ । यसरी एकातर्फ नकारात्मक चर्चा भइरहँदा किन हाम्रो पार्टी र नेताहरूले मौनता साँधेको हो ? म यी सबै विषयमा गम्भीर छलफलको जोडदार माग गर्दछु,' । 'यसै परिप्रेक्षमा आगामी निर्वाचन व्यक्ति केन्द्रित गठबन्धन गर्‍यौं भने पार्टीका साथीहरूलाई न्याय गर्न सक्छौं त ? ' उनले प्रश्न गरे । आगामी प्रतिनिधिसभा निर्वाचन क्षेत्र र प्रदेशसभा निर्वाचन क्षेत्रको आवश्यकता र औचित्य पुष्टि हुनेगरी तालमेलबारे पार्टीको धारणा निर्माण गर्नुपर्ने उनको भनाई छ । यद्यपि, सभापति देउवाले आगामी निर्वाचनमा पनि सत्तागठबन्धनबीचको तालमेल यथावतै रहने बताउँदै आएका छन् ।

## मलेलियाको...

यस विषयमा वैदेशिक रोजगार विभाग र मलेसियास्थित नेपाली दूतावासमा उजुरी दर्ता गराई कानूनी उपचार खोज्न लागेको समेत बताए ।

शुरूमा तीन वर्ष अवधि राखेर गरिएको कामदार आपूर्ति सम्बन्धी सम्झौतामा उक्त कम्पनीले नेपालबाट कामदार लैजाँदा एम्बेसी स्ट्याम्पिङ शुल्क, मेडिकल शुल्क, टिकट र नेपाली एजेन्सीको शुल्क तोकिएको बैंकमार्फत तिर्ने गरी सहमति भएपनि सम्झौता कार्यान्वयनमा नै जान नपाएको खनालले बताए ।

इ्पानका सदस्यसमेत रहेको आफ्नो संस्थासँग गरेको सम्झौता पालना नभएबाट नेपालले माइलस्टोन एग्रीमेन्ट भनेर प्रचार गरेको मलेसियासँगको श्रम सम्झौता अर्थहीन हुन पुगेको खनालले दाबी गरे । मलेसियासँग सम्झौता गर्दा इम्प्लोइमेन्ट पे मोडलमा गरिएको भन्दै नेपालले उक्त सम्झौताको आधारमा नेपाली अन्य मुलुकसँग गरिने श्रम सम्झौताको आधार बनाउने बताउँदै आएको छ ।

## दुई आवासीय राजदूत नियुक्त

काठमाडौं/मस- राष्ट्रपति विद्यादेवी भण्डारीले नेपाल सरकार (मन्त्रिपरिषद्) को सिफारिसमा इजिप्ट र अष्ट्रियाका लागि आवासीय राजदूत नियुक्त गरेकी छिन् । राष्ट्रपति भण्डारीले नेपालको संविधानको धारा २८२ को उपधारा १ बमोजिम सुशीलकुमार लम्सालसलाई इजिप्टका लागि नेपालको आवासीय राजदूत र भरतकुमार रेग्मीलाई गणतन्त्र अष्ट्रियाका लागि नेपालको आवासीय राजदूत तथा संयुक्त राष्ट्रसंघ, कार्यालय, भियनाका लागि नेपालको स्थायी प्रतिनिधि पदमा नियुक्त गरेको राष्ट्रपतिको कार्यालयले जनाएको छ ।

## विजयनगरमा सार्वजनिक सुनुवाई

# शिक्षाको गुणस्तर घटेको गुनासो

**कपिलवस्तु/मस–**कपिलवस्तुको विजयनगर गाउँपालिकाले सोमबार सार्वजनिक सुनुवाई सम्पन्न गरेको छ ।




गाउँपालिकाको सुशासन, पारदर्शिता र जवाफदेहिताका लागि नेपाल पत्रकार महासंघ कपिलवस्तुको समन्वय र विजयनगर गाउँपालिकाको सहयोगमा आर्थिक वर्ष २०७८/०७९ को सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न भएको हो ।

गाउँपालिकाको सभाहल खडैचामा जनप्रतिनिधि, पालिकावासी, स्थानीय राजनीतिक दलका प्रतिनिधि, समाजसेवी, बुद्धिजीवी, शिक्षक सम्बन्धित निकाय र सेवा प्रदायक संघसंस्थाका प्रमुख तथा प्रतिनिधिहरुको उपस्थितिमा सार्वजनिक सुनुवाई कार्यक्रम गरिएको गाउँपालिकाले जनाएको छ ।

कार्यक्रममा बोल्ने अधिकांश वक्ताहरुले गाउँपालिकामा भइरहेको विकास निर्माण कार्यहरुमा शिक्षाको गुणस्तर घटेको विषयमा जिज्ञासा राखेका थिए ।

कृषकका लागि मल व्यवस्थापन नहुनु, मैनारीको कालोपत्रे सडकको गुणस्तर, योजना अनुगमन कार्यमा भएको ढिलाई, समयमा सूचना नदिएकोप्रति स्थानीय बालजी प्रसाद चौधरीले गुनासो गरे ।

यस्तै विजयनगरका युवा समाजसेवी देवेन्द्रमणी त्रिपाठीले भारतीय पर्यटक यात्रीहरुलाई ट्राफिक प्रहरीद्वारा दिएको आरोप लगाए । उनले जगदिशपुर गाउँको शौचालय निर्माण कमसल भएको बताउँदै गाउँपालिकाले ठेक्कापट्टा, बोलपत्र र सार्वजनिक सूचना समयमा नै उपलब्ध नगराएको आरोप लगाए ।

आफ्नो गुनासो तथा जिज्ञासा प्रकट गर्दै गिता मिश्रले गाउँपालिकाको वडा न.१ को चाफामा हालसम्म बिजुलीबत्ति नहुन दुःखद् भएको बताउँदै गाउँपालिकालाई गम्भीर बन्न आग्रह गरिन् ।

त्यस्तै विजयनगरका टेक बहादुर भण्डारीले योजना मागका लागि कति समिति गठन भयो ?, बालबालिकाको लागि बजेट कहाँ खर्च हुन्छ ?, अनौपचारिक शिक्षा किन बन्द छ, व्यक्तिगत घटना दर्ता आम नागरिकको पहुँच पुग्न नसक्नुका कारणबारे गुनासो राखेका थिए ।

गाउँवासीले उठाएका सवाल तथा गुनासोलाई सम्बोधन गर्दै गाउँपालिका अध्यक्ष गोपाल बहादुर थापाले हरेक विकासका पूर्वाधारहरु उत्तिकै महत्वपूर्ण रहेको बताए । नागरिकको चासोसँग आवद्ध भएर जवाफदेहीतालाई विकास गरिने उनले बताए । आगामी दिनमा कामलाई प्रभावकारी बनाउन अनुगमनलाई तिब्रता दिने, गुणस्तरीय शिक्षालाई निरन्तरता दिने बताए ।

उनले स्वास्थ्य, शिक्षा, कृषि, खानेपानी, यातायात, सबै महत्वपूर्ण रहेको बताउँदै क्रमशः प्राथमिकताका आधारमा योजना बनाई सबैलाई अगाडि सार्दै हरेक क्षेत्रमा विकास गरेको बताए । उनले जनताका हरेक गुनासोलाई आत्मसात गर्दै आगामी दिनमा अगाडि बढ्ने बताए ।

गाउँपालिकाको क्रियाकलाप तथा गतिविधि, विकासका कामको ढिलासुस्ती, अनियमितता, विकास निर्माणका काम, गुणस्तरीय शिक्षा, खानेपानीको आपुर्ति लगायत हरेक जनताको गुनासोप्रति प्रतिबद्ध रहेर अगाडि बढ्ने प्रमुख प्रशासकीय अधिकृत गोविन्द भट्टराईले बताए । गाउँपालिकाले दिने ठेक्कापट्टा, बोलपत्र र सार्वजनिक गर्नुपर्ने सूचना नियम सङगत आह्वान गरिएको पनि उनले दाबी गरे ।

यस्तै गाउँपालिका उपाध्यक्ष लक्ष्मी कुमारी चौधरीले जनता गुनासोलाई सम्बोधन गर्दै हरेक विकासका कार्य नियमित अनुगमन गरेको बताउँदै कुनै पनि काममा ढिला सुस्ती, अनिमियता भइरहेको छ भने उच्च निगरानीका साथ आवश्यक कदम चाल्ने बताइन् । नागरिकबाट आएका उजुरी, निवेदनलाई समयमै न्याय दिएको चौधरीले बताइन् ।

नेपाल पत्रकार लुम्बिनी प्रदेश सदस्य चिन्ता परियारले कार्यक्रमलाई सम्बोधन गर्दै सार्वजनिक सुनवाई कार्यक्रममा जनताले आफ्नो भनाइ राख्ने ठाउँ भएकोले निर्धक्क भएर गुनासो राख्न आग्रह गरे ।

त्यस्तै विजयनगर गाउँपालिकाको नियमित आयश्रोत नहुँदा विकासको गति लिन नसकेले आर्थिक समृद्धिमा नागरिक नै अग्रसर हुनुपर्ने उनको भनाइ छ ।

कार्यक्रममा उठेका सवाल, गुनासो तथा जिज्ञासाहरुको जवाफ सम्बन्धित सेवा प्रदायक प्रमुखहरुले दिएका थिए । नेपाल पत्रकार महासंघ कपिलवस्तु जिल्ला सचिव जानु पाण्डेको अध्यक्षतामा भएको कार्यक्रममा जिल्ला सदस्य राम प्रकट कोरीले स्वागत मन्तव्य राखेका थिए । यस्तै कार्यक्रमको सञ्चालन जिल्ला सदस्य दिपक केसीले गरेका थिए ।

# पन्तको 'नेपाल एन्ड नेबर्स': राजनीति वृत्तमा फरक अभ्यास

**काठमाडौं/मस–** नेकपा माओवादी केन्द्रका पोलिटब्यूरो सदस्य बौद्धिक नेता लक्ष्मण पन्तद्वारा अंग्रेजी भाषामा लेखिएको कृति 'नेपाल एन्ड नेबर्स' सार्वजनिक गरिएको छ । उनको यो तेस्रो कृति हो । भारत, चीन तथा सार्क राष्ट्रहरूको नेपाल सम्बन्ध बारे तथ्यमा आधारित भएर लेखिएको पुस्तक राजनीति वृत्तमा फरक अभ्यासका रूपमा लिइएको छ ।

मेमोरेबल इभेन्ट्स अफ द रिसेन्ट पास्ट भन्दै लेखक पन्तले भूमिगत कालदेखि वर्तमान अवस्थामा कुटनैतिक क्षेत्रमा रहेका घटना, पात्र र प्रवृत्ति केलाउने प्रयास पुस्तकमा गरिएको बताए । भूमिगत कालमा अध्ययन र लेखनमा धसिएर लाग्ने हिजोका विद्रोही नेताहरु सत्तारोहणसँगै अध्ययन र लेखनको काममा सामान्यतः अरुची राखेको पाइन्छ । त्यतिमात्र होइन माओवादीसहित सबैजसो राजनैतिक दलका प्रायः नेताहरुको सांसद र मन्त्री कसरी बन्ने, त्यसका लागि चुनाव कसरी जित्ने भन्ने उद्देश्य राखेको पाईन्छ । यि बाहेक अरु कुनै उद्देश्य राखेको देखिन्न । तर नेता पन्त भने अपवादका रूपमा उदाएका छन् ।

यस भन्दा पहिला लेखक पन्तका नेपाली भाषामा लेखिएका दुईवटा कृति, 'आधुनिक नेपालको इतिहास १७४३-१९५५' र 'नेपाल भारत र छिमेक' प्रकाशित भइ रहेको छ ।

अन्तर्राष्ट्रिय राजनैतिक घटनाक्रमहरुका विषयमा गहिरो ज्ञान राख्ने लेखक पन्तले उक्त अंग्रेजी पुस्तकमा सार्कका सात मुलुकहरु र उत्तरी छिमेकी चीनमा बितेका दशकमा घटेका महत्वपूर्ण राजनैतिक घटनाहरुको विवरण र विश्लेषण पस्केका छन् । पुस्तकमा आठ अध्याय रहेका छन् । नेपाल, भारत, श्रीलंका, पाकिस्तान, बंगलादेश, भुटान, मालदिभ्स र चीन लगायतका प्रत्येक मुलुकलाई पृथक-पृथक च्याप्टरमा समावेश गरिएको छ । सार्कका सबैजसो मुलुकहरुको भारतसितको खराब सम्बध किन छ ?, र त्यसका कारणहरु के हुन् भन्ने




विषयमा पुस्तक केन्द्रित छ ।

पुस्तकको नेपाल खण्डमा भारतीय सत्तावृत्तको नेपालप्रतिको धारणा र आम नेपाली जनताको भारतप्रतिको धारणाको सविस्तार प्रसंग र सन्दर्भ सामग्रीसहित व्याख्या गरिएको छ । यस अतिरिक्त नेपाल च्याप्टरमा राजा महेन्द्र र विरेन्द्रले मुलुकलाई भारतीय ध्रॅवबाट पृथक गरेर स्वतन्त्र र सार्वभौम मुलुकका रुपमा नेपाललाई खडा गर्न खेलेको भूमिकाको पनि चर्चा गरिएको छ ।

०४६ सालको लोकतान्त्रिक आन्दोलन, माओवादी जनयुद्ध, टनकपुरलगायत महाकाली सन्धि आदि बारेको विवरण यस अध्यायमा समेटिएको छ । कृष्णप्रसाद भट्टराईदेखि बाबुराम भट्टराईको पालासम्म आउँदा पनि नेपाललाई हेर्ने भारतको दृष्टिकोण किन बदलिएन भन्ने बारेमा विस्तृत चर्चा नेपाल च्याप्टरमा गरिएको छ । बजार, सुरक्षा र जलस्रोत भारतको नेपालमा मुख्य चासोका रुपमा रहँदै आएको छ । यसका लागि भारत नेपालको 'सान्ताक्लाज' भएको सन्देश प्रवाह गरिराख्न भारतको नेपाल नीतिको मुख्य अंग हो । यस अतिरिक्त दरवार हत्याकाण्ड पछाडिका कारणहरुको विश्लेषणसमेत पुस्तकमा रहेको छ ।

पुस्तकको इन्डिया च्याप्टरमा नक्सलाइट आन्दोलन, गोर्खाल्याण्ड आन्दोलन, इन्दिरा गान्धीको हत्या, मोदी लहर आदि घटनाक्रमहरु समेटिएका छन् ।

पाकिस्तान च्याप्टरमा भारत पाकिस्तान सम्बन्ध र यसका पछाडि शत्रुता कारणहरुमाथि प्रकाश पारिएको छ । भारत र पाकिस्तानबीच कश्मीरलाई लिएर भएको युद्धबारेमा पुस्तकमा चर्चा गरिएको छ । साथै जियाउल हक देखि परवेज मुसर्रफसम्मको सैन्य कू, बेनजिर भुट्टोको हत्या आदिबारे प्रकाश पारिएको छ ।

बंगलादेश कसरी निर्माण भयो त्यस्मा भारतको भूमिका कस्तो रह्यो र अब भारत बांग्लादेश सम्बन्ध किन सुमधुर छैन भन्ने विश्लेषण बंगलादेश अध्यायमा गरिएको छ ।

भुटान दक्षिण एसियामा भारतको अन्तिम मित्र हो भन्ने विषय र भुटानी शरणार्थीहरुको दुखद कथा र भारतको भूमिकाका बारेमा भुटान च्याप्टरमा प्रकाश पारिएको छ ।

चीनमा देंग शियाओ पिङको उदय, तियानम्यान चोकको विद्यार्थी आन्दोलन लगायतका विषयवस्तुहरु चीन च्याप्टरमा समेटिएका छन् । पुस्तक दुई सय जति सन्दर्भ सामग्रीहरुमा आधारित छ । अन्तर्राष्टिय सम्बन्ध विशेषतः सार्क मुलुक र चीनको राजनीतिमा रुची राख्ने पाठकहरुका लागि पन्त लिखित पुस्तक सान्दर्भिक र महत्वपूर्ण छ । त्यसका अतिरिक्त यो पुस्तक राजनीतिशास्त्र र समाजविज्ञानका विद्यार्थी, शिक्षक र आम पाठकहरुका लागिसमेत उपयोगी रहेको छ । सरल अंग्रेजी भाषामा लेखिएको पुस्तकमा ५३९ पृष्ठहरु छन् । पुस्तकको मूल्य ७९९ रहेको छ ।

# एकीकृत विकासमा जोड दिने नगर प्रमुखहरुको प्रतिवद्धता



**काठमाडौं/मस-** फोहोरमैला व्यवस्थापनका लागि महानगरको नेतृत्व र योजनामा आफ्नो साथ रहने काठमाडौं उपत्यकाका नगर प्रमुखहरुले बताएका छन् ।

काठमाडौं महानगरका प्रमुख बालेन्द्र शाह (बालेन) को अध्यक्षतामा सोमबार राष्ट्रिय सभा गृहमा बसेको बैठकमा उनीहरुको यस्तो प्रतिवद्धता जनाएका हुन् ।

उपत्यकाका साझा समस्या पहिचान र समाधानका उपाय निकाल्ने विषयमा बैठक बोलाइएको थियो । बैठकको मुख्य विषय दिगो फोहोरमैला व्यवस्थापन थियो। बैठक शुरु गर्दै प्रमुख शाहले भने, 'उपत्यकाका पालिकाहरुमा केही साझा र केही भिन्न समस्याहरु छन् । यीमध्ये फोहोरमैला व्यवस्थापन, ट्राफिक व्यवस्थापन, खानेपानी वितरणजस्ता साझा समस्याका रुपमा रहेका विषयलाई संयुक्त प्रयासबाट समाधान निकालौं । साझा समस्यामध्ये फोहोरमैला व्यवस्थापनको विषय आजको छलफलमा मुख्य विषय हो ।'

उनले थपे, 'फोहोरलाई ग्याँसका रुपमा रुपान्तरण गर्दा ३० देखि ३५ प्रतिशत मात्र प्रभावकारी देखियो । अर्थात् १ सय रुपैयाँ लगानी गर्दा ३० देखि ३५ रुपैयाँ मात्र फिर्ता आउने भयो। यस्तै विजुली निकाल्दा २० देखि २५ प्रतिशतसम्म मात्र उत्पादन फिर्ता लिन सकिने भयो । जैविक फोहोरलाई मल बनाउन करिब २ सय देखि २ सय ५० रोपनी जग्गा आवश्यक पर्छ । यसका लागि सहकार्य गरौं ।'

प्रमुख शाहको यो प्रस्तावपछि अन्य पालिकाका प्रमुख उपप्रमुख तथा प्रतिनिधिले धारणा राख्नुभएको थियो। त्यस क्रममा उनीहरुले आफूहरुले गरिरहेको अभ्यास र अन्य नगरको सम्बन्धका विषयलाई जोड दिए ।

बैठकमा फोहोर व्यवस्थापनको दिगो समाधानका लागि स्रोतमा बर्गीकरण गर्नुपर्ने, उत्पादनमा कमी ल्याउने विधि अपनाउनु पर्ने, प्लाष्टिकको विकल्पमा झोलाहरुको प्रयोग बढाउनुपर्ने, शुन्य फोहोर (जिरो वेस्ट) अवधारणाको प्रवर्धन गर्नुपर्ने, उपत्यकाभित्र फोहोर व्यवस्थापनको विधि एउटै हुनुपर्ने जस्ता धारणा आएका थिए ।

त्यस क्रममा उनीहरुले उपत्यका नगरपालिका फोरमलाई सक्रिय बनाएर उपत्यकालाई कस्तो बनाउने भन्ने चित्रका लागि एकीकृत विकासको गुरुयोजना बनाउनु पर्ने बताए । पानी पुनभरण, जिम्मेवारीका विषयमा नागरिक सचेतना, नदी किनारामा करिडोर बनाउने, नदीको सरसफाइ गर्ने, सडक सञ्जाल र ट्राफिक व्यवस्थापन जस्ता विषयमा साझा संकल्प आवश्यक छ ।

नगरका साझा र भिन्न समस्या तथा समाधानकालागि अबलम्बन हुन सक्ने उपायका विषयमा अध्ययन गर्न उपसमिति बनाएर काम गरौं । त्यो उपसमिति नगरको आफ्नै पनि हुन सक्छ या हरेक नगरको एक–एक जना सदस्य रहने गरी पनि हुन सक्छ। उपसमितिसँगै विज्ञ समूहको सहयोग लिऔं। उनीहरुको भनाइ थियो ।

यसरी धारणा राख्नेहरुमा नागार्जुन नगरका प्रमुख मोहनबहादुर बस्नेत, तारकेश्वर नगरका प्रमुख कृष्णहरि महर्जन, गोदावरी नगरका प्रमुख गजेन्द्र महर्जन, चन्द्रागिरी नगरका प्रमुख घनश्याम गिरी, बुढानिलकण्ठ नगरका प्रमुख मीठाराम अधिकारी, टोखा नगरका प्रमुख प्रकाश अधिकारी, कीर्तिपुर नगरका प्रमुख राजकुमार नकर्मीसहित पदाधिकारी थिए ।

उनीहरुले कर प्रणाली, ट्राफिक व्यवस्थापन, वातावरणीय सुधार, नदी तथा सडक सञ्जालको विकास, काठमाडौं उपत्यका खानेपानी लिमिटेडमा पालिकाहरुको नेतृत्व हुनु पर्ने बताए ।

बैठकमा काठमाडौं महानगरकी उपप्रमुख सुनिता डंगोलले, एउटै भूगोलभित्र रहेका भिन्न पालिकाहरुका फरक र साझा समस्या बुझ्नका लागि आजको बैठक आयोजना गरिएको बताइन् ।

'पालिकाहरुले सञ्चालन गर्ने कार्यक्रम समुदायले स्वीकार गर्न सक्ने खालको हुनुपर्छ । यसका लागि नगरपालिकाहरुले गरेका कामका विषयमा जानकारी लिने अवसरका रुपमा आजको बैठकलाई लिनुपर्छ' उपप्रमुख डंगोलको भनाइ थियो ।

'फोहोर व्यवस्थापनमा पालिकाहरुबाट खर्च भएको छ । तर नतिजा मापन गर्न सकिने खालको भएन' बैठकमा ललितपुर महानगरकी उपप्रमुख मञ्जली शाक्य बज्राचार्यको भनाइ थियो ।

बैठकमा बुढानिलकण्ठ नगरकी उपप्रमुख अनिता लामा, कागेश्वरी मनोहरा नगरकातर्फबाट प्रतिनिधिका रुपमा आएका वडा नं. ८ का अध्यक्ष हरिभक्त बुढाथोकीले फोहोर व्यवस्थापनलाई टुक्रामा नभई एकीकृत र दिगो समाधान अभियानका रुपमा अगाडि बढाउनुपर्ने बताए ।

## धोवीखोलामा फोहोर फाल्नेलाई २५ हजार जरिवाना

काठमाडौं महानगरपालिकाले धोवी खोलामा फोहोर फाल्नेलाई २५ हजार रुपैयाँ जरिवाना गरेको छ। यस सम्बन्धी जानकारी दिँदै महानगरका प्रमुख बालेन्द्र शाहले, अनधिकृत फोहोर नफाल्न अनुरोध गरेका छन् ।

'हिजो र आज सामाजिक सञ्जालमा धोबीखोलामा फोहोर फालिरहेको भिडियो र फोटोको चर्चा भइरहेको छ। सो सामग्रीको छानविन गरि उक्त कार्यमा सम्लग्न कम्पनीलाई नियम अनुसार २५ हजार रुपैयाँ जरिवाना गरेका छौं' प्रमुख शाहले भने, 'कुनै पनि अवाञ्छित कार्यहरु कसैले पनि नगर्न र कसैले गरेमा त्यसप्रति सबै चनाखो रहन जरुरी छ। यस्ता कार्यहरु सार्वजनिक गरेर महानगरसम्म पुऱ्याइदिनु भएकोमा धन्यवाद छ ।'

आगामी दिनहरुमा यस्ता कार्य नदोहोऱ्याउन आग्रह गर्दै प्रमुख शाहले यस्तो कार्य गरेको देखेमा अहिलेको जसरी नै सार्वजनिक ध्यानाकर्षणमा ल्याइदिन अनुरोध गरेका छन् ।

# 'सेनाले व्यावसायिक दक्षताका साथ थप जिम्मेवारी निभाउँदै आएको छ'



**काठमाडौं/मस-** प्रधान सेनापति प्रभुराम शर्माले व्यावसायिक दक्षताका साथ सरकारले दिएको थप जिम्मेवारी नेपाली सेनाले निभाउँदै आएको बताएका छन् । नेपाली सेनाको काठमाडौं-तराई/मधेस द्रुतमार्ग सडक आयोजनाले सोमबार आयोजना गरेको 'केटिएफटि जर्नल भोलम दुई' को विमोचन कार्यक्रममा उनले सेनाले विकास निर्माणका काममा पनि सहभागी भएर कतिपय योजना सम्पन्न गरिसकेको र कतिपय सम्पन्न गर्ने क्रममा रहेको उल्लेख गरे । रणनीतिक र दीर्घकालीन महत्वको राष्ट्रिय गौरवको द्रुतमार्ग निर्माणको काम सेनाले अघि बढाइरहेको उनले बताए। उनले भने, 'विकास निर्माणमा देखिएका समस्या अभिलेखीकरण गर्दै गहन सोध आवश्यक छ ।'

आयोजना प्रमुख विकास पोखरेलले विकास निर्माणसम्बन्धी लेखले नागरिक सैनिक सम्बन्ध बलियो बन्ने बताए । लेख रचना मूल्याङ्कन समितिका प्रा. डा. ध्रुव कार्कीले सेनाले लेख रचनाको सङ्कलन र प्रकाशन गर्दा सेना र प्राज्ञिक क्षेत्रको सम्बन्ध मजबुत बन्ने विश्वास व्यक्त गरे । प्रधान सेनापति शर्माले खुला सामरिक लेख रचना प्रतियोगितामा पहिलो, दोस्रो र तेस्रोलाई पुरस्कार प्रदान गरे । आशिष अधिकारीको लेख पहिलो, वीरञ्ची पौड्यालको दोस्रो र अशोक ढकाल र सपना पाठकको लेख तेस्रो भएको छ। पुरस्कारको राशि पहिलो रु दुई लाख, दोस्रो रु एक लाख ५० हजार र तेस्रो रु एक लाख रहेको छ। कार्यक्रममा रक्षा सचिव किरणराज शर्मा सहभागी थिए ।

यसैबीच सेनाले गोरखा जिल्लास्थित बेनिघाट-आरुघाट-लार्केभञ्ज्याङ्ग सडक आयोजनाअन्तर्गत धार्चे गाउँपालिका-७ हावाडाँडादेखि सोही गाउँपालिका-३ स्थित दोभानसम्मको १८ किलोमिटर सडकको ट्र्याक निर्माण गरी सोमबार हस्तान्तरण गरेको छ । नेपाली सेनाको बेनिघाट-आरुघाट-लार्केभञ्ज्याङ्ग सडक निर्माण कार्यदलका प्रमुख प्राविधिक सेनानी विनोद भट्टले सडक विभागअन्तर्गत ११ किलो छेपेटार-भालुस्वाँरा-वारपाक सडक योजनाका प्रमुख पशुपति ज्ञवालीलाई हस्तान्तरण गरेका हुन् ।

विसं २०७३ मङ्सिर २६ गतेको मन्त्रिपरिषद्को निर्णयबाट भौगोलिक विकटता, मौसमी प्रतिकूलता, कडा चट्टानयुक्त भू-बनोट आदिका कारण उक्त सडकखण्डको ट्र्याक खोल्ने कार्यको जिम्मेवारी नेपाली सेनालाई प्राप्त थियो ।

सेनाले विसं २०७४ वैशाख ११ गतेदेखि ट्र्याक खोल्ने कार्य शुरु गरेको हो । उक्त सडकखण्डको निर्माणपश्चात गोरखा जिल्लाको विकट उत्तरी हिमाली क्षेत्रमा पर्ने धार्चे गाउँपालिका तथा चुनमुब्री गाउँपालिकालाई राष्ट्रिय सडक सञ्जालमा जोड्नुका साथै उक्त सडकले समग्र उत्तरी गोरखा जिल्लाको विकासमा महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास नेपाली सेनाले लिएको छ ।

# कर्णाली प्रदेशको बजेट बहुमतले पारित

**सुर्खेत/मस-** कर्णाली प्रदेश सरकारको आगामी आर्थिक वर्ष २०७९/०८० का लागि ल्याइएको बजेट बहुमतले पारित भएको छ । प्रदेशसभाको १०औं अधिवेशनको २३औं बैठकमा 'कर्णाली प्रदेश आर्थिक विधेयक, २०७९' माथिको छलफलमा भाग लिँदै पूर्वमन्त्री एवं प्रदेशसभा सदस्य दल रावलले कर बढाउने घटाउने काम राजश्व प्रशासनले गर्ने भन्दै राजश्व बढाउनेतर्फ बजेट लगानी गनुपर्नेमा जोड दिए । 'अहिलेसम्म संघीय सरकारका चारवटा अनुदान प्राप्त बजेटबाट खर्च गरिरहेका छौं,' उनले भने, 'हामीले एक अर्ब राजश्व सङ्कलन गर्न सकेका छैनौं र यसको आकार पनि सानो छ ।'

राजश्व सङ्कलनका क्षेत्र पहिचान गर्न र वित्तीय अनुशासन कायम गरी कर्णालीको दिगो अर्थतन्त्रमा सहयोग पुऱ्याउने योजना अगाडि बढाउनेतर्फ ध्यान दिन सदस्य रावलले सरकारलाई सुझाव दिए ।

उक्त छलफलमा उठेका प्रश्नहरुमाथि जवाफ दिँदै मुख्यमन्त्री जीवनबहादुर शाहीले राजश्व वृद्धि गर्ने विषयमा प्रदेशसभा सदस्यले महत्वपूर्ण सुझाव दिएको प्रतिक्रिया दिए ।

# कीर्तिमानी आरोही तामाङको राष्ट्रिय सम्मानका साथ अन्त्यष्टि



**काठमाडौं/मस-** 'कान्छो आरोही' को रेकर्ड राख्न सफल शम्भु तामाङको राष्ट्रिय सम्मानका साथ अन्त्यष्टि गरिएको छ । काठमाडौंको स्वयम्भूमा सोमबार बौद्ध परम्पराअनुसार तामाङको अन्त्यष्टि गरिएको हो । तामाङको अन्तिम बिदाइमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री जीवनराम श्रेष्ठ पुगेका थिए । मन्त्री श्रेष्ठले राष्ट्रिय झण्डा ओढाइ नेपाल सरकारका तर्फबाट तामाङप्रति श्रद्धाञ्जली व्यक्त गरे ।

लामो समयदेखि क्यान्सर रोगबाट पीडित तामाङको ७० वर्षको उमेरमा गत असार २३ गते बिहान निधन भएको थियो । पर्यटन मन्त्रालयको सिफारिसमा मन्त्रिपरिषद्को गत शुक्रबार बसेको बैठकले तामाङलाई राष्ट्रिय सम्मान दिने निर्णय गरेको थियो । नेपालको पर्वतारोहणबारे अन्तर्राष्ट्रिय जगतमा प्रवर्द्धन गर्न र नेपालका हिमाल प्रचार गर्न तामाङले अतुलनीय योगदान गरेको मन्त्री श्रेष्ठले बताए ।

तामाङले १७ वर्ष ६ महिना १५ दिन उमेरमा सन् १९७३ मे ५ का दिन सगरमाथा आरोहण गरेका थिए । तामाङकै पहलमा नेपाल पर्वतारोहण संघको स्थापना भएको हो ।


**साउदीमा रोजगार | कम्पनी : NASSAQ AL MAALY COMPANY FOR INDUSTRY**
शहर: Riyadh

पूर्व स्वीकृत मिति: २०७९/०३/०२ चलानी नं.: ६०१८११७५ LT. No.: 265184 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Worker | 59 | 0 | स. काममा दक्ष | 1000 | ३३,७०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ साउन ३ गते (19 July 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**H.M.T. Overseas Pvt. Ltd.** Govt. Lic. No. 1429/074/075
Tinkune, Kathmandu, Tel.: 01-4111301
CONTACT NO- 9803515104, 9813792179, 9816332223, 9808466028, 9852059287, 9845878321, 9869317171, 9801848598



**नेपाल सरकार**
**उद्योग मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालय**

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०४९।०५।११ गतेका दिन दर्ता भएको प्रा.लि. नं. ५५९८/०४९/०५० को **श्रृजना कटन वेविङ इण्डष्ट्रीज प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७९।०३।२७ को निर्णय अनुसार कम्पनी ऐन २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको ब्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



**QATAR मा रोजगारको अवसर | कम्पनी : AL DALLA CLEANING & TRADING**
शहर: DOHA

पूर्व स्वीकृत मिति: २०७८/११/२३ चलानी नं.: ६०१७५५४४ LT. No.:259094 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३४,४४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Driver | 2 | 0 | | 1450 | ४९,९३८ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ साउन ३ गते (19 July 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Link On International Pvt. Ltd.**
श्रम इजाजत पत्र नं.: ९६७/०६७/०६८
P.O. Box : 12272, Battisputali, Kathmandu, Tel : 4471668, 4472101
Fax : 4499397, Email : hrsc@linkonint.com.np, Web : linkonint.com.np



**MALAYSIA मा रोजगारको अवसर | कम्पनी: ENG SHENG SDN BHD**
शहर: Selangor

पूर्व स्वीकृत मिति: २०७८/१२/२८ चलानी नं.: ६०१७७७३० LT. No.: 261536 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 20 | 0 | स. काममा दक्ष | 1200 | ३४,२९६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ साउन ३ गते (19 July 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**वाईड-स्पेस इन्टरनेशनल प्रा. लि.**
श्रम इजाजत नं. ३८९/०५९/०६०
हार्भेष्टमुन बिल्डिङ 4th Floor, टुकुचे चोक-२, गैरीधारा, काठमाडौं,
फोन: ४४१५५६२, ४००४६५०, ४००४५५०,



**नेपाल सरकार**
**उद्योग मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालय**

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७१।१२।०२ गतेका दिन दर्ता भएको प्रा.लि. नं. १३३४५५/०७१/०७२ को **किरण ट्राभल्स प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७९।०३।२७ को निर्णय अनुसार कम्पनी ऐन २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको ब्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



**नेपाल सरकार**
**उद्योग मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालय**

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७५।०३।२७ गतेका दिन दर्ता भएको प्रा.लि. नं. १९३१००/०७४/०७५ को **बुढानिलकण्ठ अटोमोबाइल्स प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७९।०३।२७ को निर्णय अनुसार कम्पनी ऐन २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको ब्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



**Cyprus मा रोजगारको अवसर** पून विज्ञापन

कम्पनी: **A.M. Adamos Blue Sunrise Employment Agency, Cyprus**

पूर्व स्वीकृत मिति २०७८।१०।०७ चलानी नं. ६०१७३०८३ LT.No. 256676

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब Euro | मासिक तलब ने.रु. | [illegible] | [illegible] | ओभर टाइम सुविधा | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Domestic Worker(Female) | - | 01 | [illegible] | 314 | ४०,२५०/- | ६ दिन | ८ घण्टा | क. नि. अनुसार | | छ | | २ वर्ष |

अन्तर्वार्ता मिति २०७९ साउन ३ गते (19 July, 2022) मेनपावर कार्यालय सामाखुसीमा हुनेछ ।

**Om Shree Mahashakti Employment Pvt. Ltd.**
Gov. Lic. No. 200/057/058
Samakhushi-26, Town Planning, KTM,Phone:- +977-1-4357662
Email:- radhabudhathoki@hotmail.com, www.osmefw.com



**कतारमा रोजगारको अवसर । कम्पनी: FEED FACTORY WLL**
शहर: DOHA

पुर्व स्वीकृत मिति: २०७९/०३/२७ चलानी नं.: ६०१८३१०६ LT. No.: 267128

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 5 | 0 | स. काममा दक्ष | 1000 | ३४,४४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ साउन ३ गते (19 July 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

**Mobhira Recruitment** Consultancy services (P.) Ltd.
श्रम इजाजत नं. १४६९/०७४/०७५
बुढानिलकण्ठ-६, हात्तिगौडा, चक्रपथ, काठमाडौं, नेपाल, फोन: ०१-४३७८८४२, ४३७८९३६,
मो.: ९८२३६६८१६०, ९८०१०८५६३९
Email: manager@mobhiraservices.com, Web: www.mobhiraservices.com

मध्यान्ह
www.madhyanhadaily.com
२८ असार २०७९, मंगलबार
12 July 2022, Tuesday

## सम्पादकीय

# संकटलाई उपेक्षा !

दक्षिण एसियाली मुलुक श्रीलंका गम्भीर आर्थिक संकटमा फसेको छ । आर्थिक संकटका कारण खाद्य सामग्रीको अभावदेखि उच्च मूल्यबृद्धिले निम्त्याएको समस्या समाधान गर्न ठूलो चुनौती खेपिरहेको छ । शनिबार नागरिकले राष्ट्रपति कार्यालय नै कब्जा गरे । यसअघि नै प्रधानमन्त्री परिवर्तन भइसकेको छ । तर पनि श्रीलंकासँग अझै निकासको प्रस्ट बाटो छैन । चुनौती र आक्रोश छ, तर समाधानको सूत्र कसैसँग छैन । मुलुक असफल हुनुको अनेक कारण देखाइदैछ । श्रीलंकामा देखिएको संकटले कयौं मुलुकलाई चिन्ता पारेको छ । किनकि विश्वबजारमा आउने संकटले कम विकसित मुलुक प्रत्यक्ष प्रभावित हुनेछन् । त्यस्तो चिन्ता गरिने मुलुकमा नेपाल पनि पर्छ । शीर्ष नेतृत्वले श्रीलंका बन्ने खतरा नजिक रहेको सार्वजनिक बक्तव्य नै दिन थालेका छन् ।

सोमबार एक कार्यक्रममा पूर्वप्रधानमन्त्री एवम् प्रमुख विपक्षी दल नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले मुलुक श्रीलंका बन्ने बाटोमा रहेको बताए । एकदिन अगाडि मात्रै नेकपा माओवादी केन्द्रका वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठले ढिलोचाँडो मुलुक श्रीलंकाकै बाटोमा जाने बताएका थिए । यसले सर्वसाधरणलाई चिन्ता बढाएको छ । मुलुकमा आर्थिक संकट आइलागे यसको असर पनि तिनै गरिखाने वर्गलाई पर्न सक्छ । त्यसो भएकाले पनि चिन्ता पर्न स्वभाविक हो । तर सत्ता र सत्तामा रहेकाहरूले भने यसतर्फ उति धेरै ध्यान दिएको पाइदैन । आइतबार मात्रै नेपाल प्रहरीलाई हतियार खरीद गर्न ठूलो रकम रकमान्तर गरिएको सूचना सार्वजनिक भएको छ ।

अन्तरराष्ट्रिय मुद्रा सञ्जिति बढाउनुपर्ने विज्ञहरूको सुझाव बिपरीत हतियार खरीदमा ८४ करोड रूकमान्तर गरिनुले सम्भावित संकटप्रति सरकार गैरजिम्मेवार बनेको आशंकालाई बल पुग्छ । सम्भावित संकटको सम्भावनाबारे सार्वजनिक अभिव्यक्ति दिनेले पनि त्यसतर्फ ध्यान दिएको पाइदैन । अहिले पनि भीभीआईपी सुविधासहित सार्वजनिक गतिविधिमा सक्रिय छन् । उच्च पदस्थ व्यक्तिहरूको विदेश भ्रमण कटौती गरिएको छैन । इन्धनको उपयोग घटाउन भनेर यसअघि हप्तामा दुई दिन सार्वजनिक विदा दिने प्रणाली पनि फेरि हटाइएको छ । बरू शनिवार पनि सरकारी सवारी साधन चलिरहेकै देख्न पाइन्छ । अनावश्यक गतिविधि र खर्च घटाइएको छैन । जबकी बितेको दशक मुलुकले ठूला संकटहरू खेपिसकेको छ । भूकम्प, नाकाबन्दी र लकडाउन जस्ता ठूला संकट खेपिसकेको मुलुकले फेरि सम्भावित संकटप्रति आवश्यक तयारीमा जुट्नुपर्ने हो । जुन काममा सरकार गैरजिम्मेवार बनेका प्रमाणहरू बढिरहेको छ ।

# मधेश प्रदेशको कृषि : चुनौती र सम्भावना

*गत आर्थिक वर्षमा मुलुकका सात प्रदेशमध्ये मधेश प्रदेशमा सबैभन्दा बढी खाद्य तथा अन्नबाली उत्पादन भएको देखिएकाले सिँचाइको सुविधा वृद्धि, उन्नत जातको बीउ मल तथा आधुनिक प्रविधि प्रयोग गरिए त्यहाँ उत्पादित खाद्य तथा अन्नबालीले मुलुकलाई आत्मनिर्भर बनाउन सक्ने सम्भावना उतिकै छ ।*

अग्रलेख



● रमेश लम्साल

मुलुकको अन्न भण्डारको रूपमा रहेको मधेश प्रदेशमा सरकारको लगानी पनि हरेक वर्ष बढ्दै गएको छ । सरकारले सिँचाइका लागि विद्युतमा ५० प्रतिशत बराबरको महसुल छुट दिने निर्णय पनि गरेको छ। कार्यान्वयन पनि भइरहेको छ। यतिबेला मौसम पनि खेतीपातीकै छ । अन्न भण्डारको रूपमा रहेको मधेश प्रदेशमा कृषि क्षेत्रमा के-कस्ता चुनौती छन् भनेर बेला-बेलामा चर्चा पनि हुने गरेको छ। सरकारका विभिन्न निकायले अध्ययन पनि गरेका छन् । पहिचान भएका समस्याको निरूपणका लागि सार्थक पहल हुन नसकेको गुनासो पनि उत्तिकै छ ।

नेपाल राष्ट्र बैंकले मधेश प्रदेशको कृषि क्षेत्रमा देखिएको चुनौती र सम्भावनाका बारेमा आफ्नो अध्ययनमा समेटेको छ । केन्द्रीय बैंकले हालैमात्र सो प्रदेशको 'आर्थिक गतिविधि'को अध्ययन गरेको छ । भौगोलिक सुगमता, खेतीयोग्य जमिनको प्रचुरता र यातायात तथा ढुवानीको लागि सहजता हुँदाहुँदै पनि यस प्रदेशको कृषि क्षेत्रमा विभिन्न १२ वटा चुनौती रहेका छन् भने आठ वटा सम्भावना छन् ।



चुनौतीलाई समाधान गर्दै सम्भावनाको क्षितिज उघार्नु जरूरी रहेको अध्ययनले देखाएको छ । केन्द्रीय बैंकको अध्ययनअनुसार कृषि क्षेत्रको थप आधुनिकीकरण, यान्त्रिकीकरण, व्यवसायिकरण गरी कृषि पेशालाई सामाजिक रूपमा प्रतिष्ठित र प्रतिस्पर्धी बनाउनु नै प्रमुख चुनौतीको रूपमा रहेको छ । कृषि पेशालाई सम्मानित बनाइ युवा जनशक्तिलाई श्रम, सीप, तथा पुँजीसहित यो क्षेत्रमा आकर्षित गर्नु र आर्थिक आत्मनिर्भरता बढाउनु आवश्यक छ । दैनिक रूपमा खानुपर्ने खाद उपज उत्पादन गर्ने पेसा नै मर्यादित बन्न नसक्दा यस क्षेत्रको युवाको आकर्षण घटेको छ । कृषि कर्म गर्नेले मान सम्मान पाउनुपर्नेमा हेला होचो हुने अवस्था छ ।

कृषियोग्य भूमिमा सिँचाइ सुविधा उपलब्ध गराई कृषि उत्पादकत्व बढाउन निर्माणाधीन सिँचाइ आयोजना तोकिएको समय र लागतमा सम्पन्न गर्ने विषयलाई पनि केन्द्रीय बैंकले चुनौतीको रूपमा देखेको छ । प्रदेशमा विभिन्न आठ जिल्ला छन् । त्यहाँ रहेका लाखौं हेक्टर खेतीयोग्य जमिनमा माटोको उर्वराशक्ति बढाउन सामूहिक खेतीमा जोड दिई कृषि उत्पादकत्व वृद्धि गर्नु जरूरी छ ।

जमिनको खण्डीकरणका कारण उत्पादकत्वसमेत घट्दै गएको छ । किसानले समयमा मल, बीउ तथा उपकरण पाउन सकेका छैनन् । जनशक्तिको अभाव पनि उत्तिकै छ । समयमा नै किसानलाई आवश्यक परिमाणमा मलखाद तथा बिउबीजन उपलब्ध हुने सुनिश्चितता गर्नु राज्यको दायित्व हो । अन्तर्राष्ट्रिय बजारमा खाद्यान्नको मूल्य अकासिएको छ । त्यसको प्रभाव नेपाली बजारमा पर्ने अवस्था पनि उत्तिकै छ । त्यसबाट मुक्ति पाउन पनि स्वदेशमा नै कृषि उपजको उत्पादनमा जोड दिनु जरूरी छ ।

किसानको सीप विकासका लागि तालिम प्रदान गर्नुका साथै खेती गरिएको स्थानमा नै प्राविधिक सेवा उपलब्ध गराउने व्यवस्था मिलाउने विषयलाई पनि राष्ट्र बैंकले चुनौतीका रूमपा देखेको छ । तरकारी तथा खाद्यबालीमा आत्मनिर्भर बन्न बाँझो रहेका जमिन उपयोगमा ल्याई उत्पादन अभिवृद्धि गरी कृषिबाट जनताको जीवनस्तर उकास्नु जरूरी छ।

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाअनुसार मधेश प्रदेशका धनुषा तथा बारा जिल्ला माछापालनका लागि सुपर जोनको रूपमा रहेकोमा यी क्षेत्रमा दीगो कार्यक्रम ल्याई उत्पादनशीलता बढाउनु र त्यसलाई कायम राख्दै बजार विस्तारका लागि अध्ययन अनुसन्धान तथा थप कार्य गर्नको साथै सहुलियत उपलब्ध गराउनु पर्दछ ।

> *तुलनात्मक लाभका आधारमा छनोट गरिएका क्षेत्र र बालीको लागि एकीकृतरूपमा सघन कृषि कार्यक्रम सञ्चालन गरी कृषिको व्यवसायीकरणमार्फत औद्योगीकरणको आधार खडा गर्नु आवश्यक छ । मधेश प्रदेशको कृषि क्षेत्रमा चुनौती भए पनि नयाँ क्षितिज उघार्ने अवसर पनि उत्तिकै छन् । प्रदेशमा सबैभन्दा बढी जनसंख्या रहेको र यहाँ श्रम आपूर्ति सहज हुने हुँदा कृषिजन्य वस्तुको व्यावसायिक उत्पादनको साथै खपत बजारको पनि उच्च सम्भावना छ ।*

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यक्रम अनुसार मधेश प्रदेशका सिराहा, धनुषा र सर्लाही जिल्ला धानको जोन क्षेत्रको रूपमा स्थापना भएकोमा सो अनुरूप उत्पादन तथा उत्पादकत्व बढाइ दीगोपना कायम राख्नुपर्नेछ । रौतहट जिल्ला धानको बीउ जोनको रूपमा स्थापना भई कार्यक्रम अघि बढेको र नेपाल सरकारले धानको ११६ प्रजातिका बीउ स्थानीय माटोको उर्वरताका दृष्टिले प्रभावकारी हुने भनी सिफारिस गरेको भए पनि भारतबाट कमसल प्रकारका बीउको अनधिकृत आयात कायमै रहेकोले भारतबाट आयात हुने बीउलाई निरूत्साहन गर्दै बीउबीजन उपलब्ध गराउनुका साथै यसको प्रयोगलाई अभिवृद्धि गर्नुलाई चुनौतीको रूपमा हेरिएको छ ।

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यक्रमअनुसार मधेश प्रदेशका महोत्तरी, रौतहट र पर्सा जिल्ला तरकारी जोनको रूपमा आर्थिक वर्ष २०७४ मा नै स्थापित भइसकेको छ । तर, जनकपुरलगायत ठूला बजार क्षेत्रमा भारतबाट आयातित तरकारीकै दबदबा रहेकाले कार्यक्रम बमोजिम तरकारी खेती गरी तरकारीमा आत्मनिर्भर हुन सकेको छैन । आन्तरिक उत्पादनको वृद्धि र बजार विस्तारका लागि सरकारी तथा निजी क्षेत्रले साझा प्रयास गर्नु आवश्यक देखिन्छ ।

तुलनात्मक लाभका आधारमा छनोट गरिएका क्षेत्र र बालीको लागि एकीकृत रूपमा सघन कृषि कार्यक्रम सञ्चालन गरी कृषिको व्यवसायीकरणमार्फत औद्योगीकरणको आधार खडा गर्नु आवश्यक छ । मधेश प्रदेशको कृषि क्षेत्रमा चुनौती भए पनि नयाँ क्षितिज उघार्ने अवसर पनि उत्तिकै छन् । प्रदेशमा सबैभन्दा बढी जनसंख्या रहेकोर यहाँ श्रम आपूर्ति सहज हुने हुँदा तरकारी, फलफूल, माछा, मासु जस्ता कृषिजन्य वस्तुको व्यावसायिक उत्पादनको साथै खपत बजारको पनि उच्च सम्भावना छ ।

केन्द्रीय बैंकका अनुसार देशमा समथर भू-भागको साथै उर्वर भूमिको प्रचुरता रहेकोले सिञ्चित भूमिको क्षेत्रफल विस्तारमार्फत् खाद्यान्न तथा अन्य बाली र तरकारी उत्पादनलाई पकेट क्षेत्रको रूपमा विकास गर्न सकिन्छ । प्रदेश समथर भूमिमा रहेकाले सतह र भूमिगत जलस्रोत प्रयोग गर्न सकिने देखिएकोले सिँचाइको विकास र विस्तार गरी खाद्य बाली, माछापालन तथा फलफूलका नयाँ-नयाँ जातहरूको प्रयोग गरी कृषि उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्न सकिन्छ ।

गुठीको जग्गा, सरकारी जग्गा र प्रयोगमा नआएका जग्गा धेरै रहेकाले यहाँ उपलब्ध श्रमशक्ति प्रयोग गरी यी जग्गा कृषि उत्पादनमा प्रयोग गर्न सक्ने सकिन्छ भने वैदेशिक रोजगारीको लागि विदेश जाने युवाको संख्या धेरै रहेकोले पुँजी, प्रेरणा, आत्मविश्वास र उन्नत प्रविधिसम्बन्धी ज्ञानसहित विदेशबाट फर्किएका युवालाई कृषि व्यवसायमा आकर्षित गरी उत्पादकत्व वृद्धि गर्न सक्ने सम्भावना पनि उत्तिकै छ ।

प्रदेशमा उर्वर तथा समथर भूमि रहेकोले प्रशस्त घाँस खेतीसमेत लगाउन सकिने भएकोले पशुपालनको माध्यमबाट मासु तथा दूधजन्य पदार्थको उत्पादन बढाइ राष्ट्रिय कूल गार्हस्थ्य उत्पादनमा योगदान पुऱ्याउन सकिने प्रचुर सम्भावना रहेको अध्ययनमा समेटिएको छ । माछापालनमा मुलुककै प्रमुख १० वटा जिल्लामध्ये मधेश प्रदेशका प्राय सबै जिल्ला अग्रस्थानमा रहेकोले आधुनिक प्रविधि प्रयोग गरी उत्पादन बढाउन सकिन्छ । उत्पादित माछाले मुलुकलाई आत्मनिर्भर बनाउनको साथ वैदेशिक निकासी गरी वैदेशिक व्यापार र विदेशी मुद्रा आर्जनमासमेत सघाउ पुऱ्याउन सक्ने सम्भावना देखिन्छ ।

गत आर्थिक वर्षमा मुलुकका सात प्रदेशमध्ये मधेश प्रदेशमा सबैभन्दा बढी खाद्य तथा अन्नबाली उत्पादन भएको देखिएकाले सिँचाइको सुविधा वृद्धि, उन्नत जातको बीउ मल तथा आधुनिक प्रविधि प्रयोग गरिए त्यहाँ उत्पादित खाद्य तथा अन्न बालीले मुलुकलाई आत्मनिर्भर बनाउन सक्ने सम्भावना उत्तिकै छ ।

## सामाजिक सञ्जाल



- सुर्यराज आचार्य

अर्थतन्त्रमा समस्या हुन्छन्, छन् । आर्थिक व्यवस्थापन/नीति सम्बन्धि राज्यका उच्च तहमा बस्नेले समस्याको चुरो बुझेर आवश्यक नीतिगत कदम लिने हो । व्यवस्थापकीय सीपको प्रयोग गर्ने हो । प्रेसका लागि उत्ताउला अभिव्यक्ति दिने काम ठिक हैन । यस्तो शैलीले बजारको कन्फिडेन्स घटाउँछ, र समस्या बढ्छ ।



- मुमाराम खनाल

आफन्तवादद्धारा सज्जित आसेपासे पूँजीवाद श्रीलंकाको मात्र मौलिक नीति होइन, उनीहरूले भन्दा धेरै पहिले नै हाम्रा नेताहरूले लागु गरिसकेको नीति हो । त्यसैले, श्रीलंकाको पाठ नेपालका नेताले सिक्लान् ? भन्ने प्रश्न गलत छ । प्रश्न हुनुपर्छ– श्रीलंकाका जनताजस्तै नेपालका जनताले गर्लान् ?



- कृष्ण घिमिरे

संघीयताको शैद्धान्तिक र आदर्श जपेर प्रदेशको बचाउ कठिन । अमूल्य पाँच वर्ष, अथाह स्रोत र शक्ति प्रदेशमा खर्च भयो बिना कुनै उपलब्धि । प्रदेश दलीय सत्ता छिनाझपटी र कलहको बिउमात्र अनि बाँदरको हातमा नरिवल । प्रदेश न जनतासँग जोडियो न यसको औचित्य प्रमाणित भयो । नेपालको लागि अनुपयुक्त ।



- राधाकृष्ण कटुवाल

व्यापार घाटा र विदेशी मुद्राको सञ्चिति घटेको भन्दै विभिन्न वस्तुमा रोक लगाएको सरकारले भावी दिनमा श्रीलंकामा जस्तै जनता सडकमा आउन सक्छन् भन्दै दंगा नियन्त्रणसँगै ८४ करोडको हातहतियार खरिद गर्दै रहेछ भने ६ हजारको संख्यामा कर्मचारी विदेश भ्रमणमा रहेछन् । यो त अति भयो, खति नहोस् ।




- विनोद न्यौपाने

आर्थीकरूपले चौपट अवस्थामा मुलुक; खाद्य सामग्री किन्न डलर अभावबीच हतियार किन्न ८४ करोड रकमान्तर गर्नु भो । अध्यादेश पुरानै थोपर्नु भो, व्यापारी र दलाल पोस्न र खान पुरै बजेटमा कर दररेट मिलाउनु भयो । ठग गठबन्धन सरकार, दोषारोपण गऱ्यो, खायो ।

# बालेनले सिक्नुपर्ने 'शैली'

टिप्पणी



● नारायण गाउँले

ब्रिटिश प्रधानमन्त्री बोरिस जोन्सनले लगभग तीन वर्षे कार्यकालमा संसदमा दर्जनौं पटक 'सरी' भनेको सुनियो । गर्छु भनेर गर्न नसकेका काममा, ब्रिटिश कानुन र मूल्यमान्यताले उचित नठहऱ्याएका काममा र मिडियादेखि आमजनतासम्म आलोचना भएका सरकारी निर्णयमा उनले आत्मालोचना गर्दै माफी मागे ।

दर्जनौं पल्ट मागिएको माफी कुनै ठूलो स्क्याण्डल, आर्थिक अनियमितता, भ्रष्टाचार या गम्भीर राष्ट्रिय अहितकारी निर्णयका कारण थिएन । हाम्रा लागि सामान्य जस्तो लाग्ने र मुद्दासमेत नबन्ने विषयमा उनले माफी माग्नुपऱ्यो । कोभिड कालमा उनको सरकारले विश्वकै उदाहरणीय कामहरू गऱ्यो । भ्याक्सिनको रिसर्च र उत्पादनमा सबैभन्दा छिटो काम थाल्नेदेखि स्वीकृतिसम्म बेलायत अग्रणी रह्यो ।

लकडाउनका कारण जनजीवन, कार्यालय, उद्योग र बिजनेश प्रभावित भए तर, दुई वर्षसम्म निजीदेखि स्वरोजगारमा रहेका सबै कामदारलाई सरकारले घरमैं बसी बसी तलब दियो । साना र मझौला व्यवसायीले कर छुटदेखि अनुदान र निर्ब्याजी ऋण पाए ।

तर लकडाउनको बेला उनले आफ्नै निवासको करेसाबारीमा 'सोसल डिस्ट्यान्सिंग'को नियम उल्लघंन गर्दै कर्मचारीहरूसँग 'पार्टी' गरेका कारण उनको आलोचना भयो । पहिले कानुन उल्लघंन नगरेको जिकिर गरेका उनले पछि संसदमा र सार्वजनिकरूपमा बारम्बार माफी माग्नुपऱ्यो । एउटा चरित्रहीन मान्छेलाई नियुक्ति दिएको विषयले त उनलाई माफी मागेर मात्रै पुगेन, अन्ततः राजीनामा नै दिनुपऱ्यो ।

नेतृत्व या जनप्रतिनिधिले गल्ती नै नगर्ने भन्ने हुँदैन । संगत, आफ्नो ब्याकग्राउण्ड, विचार, परिस्थिति र दबाबका कारण विभिन्न अनुपयुक्त निर्णयहरू हुन सक्छन् । तर, ती निर्णयहरूमाथि व्यापक जनगुनासो आयो भने तिनले 'ईगो'को बुई नचढी माफी माग्ने र अगाडि बढ्ने हो । यो एउटा सिकाइको अवसर पनि हो ।

> *बालेनका लागि न्यापको मूल्य र महत्व पक्कै पनि हामीलाई भन्दा ठूलो हुन्छ । उनलाई यो शालिकको निर्णय स्वाभाविक हुन सक्छ । व्यापकरूपमा आलोचना भएपछि र धेरैले मन नपराएको स्पष्ट देखिएपछि किन्तु परन्तुतिर नलागी बालेनले 'सरी' भनेर सच्याउनु जरूरी देखिन्छ । काम गर्नेले बिराउँदा थुप्रैपल्ट माफी माग्नुपर्ने हुन सक्छ ।*

मेयरका रूपमा बालेन्द्र शाह 'बालेन'ले गरेको शालिक बनाउने निर्णय अलोकप्रिय देखियो । भएको गाडी नचढी दुई करोडको नयाँ गाडी मगाउने थुप्रै जनप्रतिनिधि देखिएका छन् । भोट बैंकक लागि दुई



करोड बढीका भ्यूटावरका योजना बनाउने शासक छन् । सगरमाथा चढ्ने नाममा होस् या सर्प पाल्ने नाममा, राज्यकोषको व्यक्तिगत दोहन पनि हामीले समर्थन गरेकै छौं । एउटा ठेक्कामा सत्तरी करोडको त कमिशन नै माग्ने शासक देखिएको छ । बालेनले पारदर्शीरूपमा १५ लाख एउटा शालिकलाई छुट्याउँदा ठूलै भार थपिएको भन्ने होइन । उनले बिग्रेर थन्किएको भनिएका ब्रुमरदेखि अन्य उपकरणलाई पारदर्शीरूपमा मर्मत गरेर पनि करोडौं बचाएका हुन सक्छन् । अनि अर्को मानवीय कमजोरी के हो भने हामी आफ्नो धर्म, देश, जाति, सम्प्रदाय या क्षेत्रलाई अन्यभन्दा विशेष र उच्च ठान्छौं । बालेनका लागि न्यापको मूल्य र महत्व पक्कै हामीलाई भन्दा ठूलो हुन्छ । उनलाई यो शालिकको निर्णय स्वाभाविक हुन सक्छ ।

तर, व्यापकरूपमा आलोचना भएपछि र धेरैले मन नपराएको स्पष्ट देखिएपछि किन्तु परन्तुतिर नलागी बालेनले 'सरी' भनेर सच्याउनु जरूरी देखिन्छ । उनमा पक्कै राजनैतिक परिपक्वताको कमी देखिए जस्तो लाग्छ तर, नियतमैं खोट देखाउने या सबै थोक बिग्रिए जस्तो गर्नु जरूरी छैन । काम गर्नेले बिराउँदा थुप्रैपल्ट माफी माग्नुपर्ने हुन सक्छ । यस्ता कमजोरी र गल्तीबाट पाठ सिकेर आगामी निर्णयहरू परिपक्व बन्दै जाऊन् भन्ने कामना गर्न सकिन्छ ।

# प्रधानाध्यापक र व्यवस्थापन समितिका अध्यक्षविरुद्ध भ्रष्टाचार मुद्दा

**काठमाडौं/मस–** अख्तियार दुरुपयोग अनुसन्धान आयोगले महोत्तरी श्री मावि एकडाराका प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्ष बिनोद पासमानविरुद्ध भ्रष्टाचार मुद्दा दर्ता गरेको छ । अख्तियारले सोमबार विद्यालयका प्रधानाध्यापक रामदिनेश मण्डल र व्यवस्थापन समितिका अध्यक्ष विनोद पासमानविरुद्ध विशेष अदालत काठमाडौंमा मुद्दा दायर गरेको हो ।

उनीहरुले विद्यालयको खेलकुद मैदान स्तरोन्नति गर्ने क्रममा अवरोध सृजना गर्दै विभिन्न बहाना बनाई सेवाग्राहीसँग घुस लिएको सूचना एवम् उजुरीका आधारमा आयोगको टोलीले पचास हजार रुपैयाँ घुस रकमसहित गत जेठ १९ गते पक्राउ गरेको थियो ।



अनुसन्धानका क्रममा घुस लिएको पुष्टि भएकाले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) बमोजिमको कसुर गरेको अख्तियारले ठहर गरेको छ । साथै अख्तियारले उनीहरुलाई ५० हजार बिगोसहित कारबाहीको माग गर्दै विशेष अदालत काठमाडौंमा मुद्दा दायर गरेको आयोगका प्रवक्ता श्याम प्रसाद भण्डारीले जानकारी दिए ।

यसैबीच आयोगले बयान फेर्ने सरकारी साक्षीविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ। बाराको कलैया उपमहानगरपालिका-११ बस्ने शुभकामना नर्सरीका संचालक अजय कुमार कुशवाहाविरुद्ध प्रतिकूल बकपत्र गरेको अभियोगमा अख्तियारले सोमबार मुद्दा दायर गरेको हो ।

जिल्ला वन कार्यालय बाराका तत्कालीन सहायक वन अधिकृत विन्देश्वर प्रसाद पटेलले वरियापुर नर्सरीमा राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास कार्यक्रम अन्तर्गत बाँसको विरुवा खरिदमा अनियमितता गरेको अख्तियारको दाबी छ । विशेष अदालतमा २०७७ असार २८ गते दर्ता भएको मुद्दामा सरकारी साक्षीका रुपमा पेश गरिएका शुभकामना नर्सरीका संचालक कुशवाहाले प्रतिकूल बकपत्र गरेको भन्ने उजुरीका आधारमा अनुसन्धान गर्दा उनले प्रतिकूल हुने गरी बकपत्र गरेको पुष्टि भएकाले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ङ) बमोजिमको कसुरमा ऐ. ऐनको दफा २२ बमोजिम मतियार बनेको आयोगले जनाएको छ । साथै उनलाई तीन लाख रुपैयाँ बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५५ बमोजिम जरिवाना र कैद सजाय मागदावी सहित विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरिएको आयोगका प्रवक्ता भण्डारी जनकारी दिए ।

# १६८ जना कोरोना संक्रमित थपिए



**काठमाडौं/मस–** कोरोना संक्रमण दैनिक बढिरहेको छ । सोमबार थप १६८ जनामा कोरोना भाइरसको संक्रमण पुष्टि भएको स्वास्थ्य तथा जानसंख्या मन्त्रालयले जनाएको छ । आइतबार १२१ जनामा संक्रमण पुष्टि भएको थियो ।

मन्त्रालयले जारी गरेको बुलेटिनका अनुसार तीन हजार २० परीक्षण गर्दा आज सो संख्यामा संक्रमण देखिएको हो । सक्रिय संक्रमितको संख्या ७ सय ७० रहेको छ । यस्तै सो अवधिमा ३७ जना संक्रमणमुक्त भएका मन्त्रालयले जनाएको छ ।

# साउनदेखि दोर्दी 'ए' को बिजुली उत्पादन

**लमजुङ/मस–** लिवर्टी इनर्जी हाइड्रोपावरद्वारा दोर्दी गाउँपालिका-६ ढोडेनीमा निर्माणाधीन माथिल्लो दोर्दी 'ए' जलविद्युत् आयोजनाको बिजुली उत्पादन आगामी साउन महिनादेखि गर्ने लक्ष्य राखेको छ । कूल २५ मेगावाट क्षमताको यस आयोजनाको अधिकांश काम सम्पन्न भइसकेको र अब साउन महिनाभित्रै बिजुली उत्पादन हुने आयोजनाका प्रवर्द्धक राजेन्द्र वस्तीले बताए । आयोजनाले पटक-पटक म्याद थप गर्दै थपिएको अन्तिम म्याद आगामी साउन महिनासम्म रहेको र सो भित्रै जसरी पनि बिजुली उत्पादन हुने उनको भनाइ छ । आयोजनाको अधिकांश काम सम्पन्न भइसकेको छ । गतवर्ष दोर्दी खोलामा आएको बाढीले क्षति बनाएको खण्डको काम भइरहेको छ ।'यतिबेला पेनस्टक पाइपमा, टनेलमा पानी भर्ने काम भयो, हेडबक्समा गत वर्ष बाढीले क्षति बनाएको आधा काम बाँकी छ', प्रवर्द्धक वस्तीले भने, 'आयोजनाको बाँधस्थल लोदो खोलाबाट दुई हजार ७०० मिटर लामो भूमिगत सुरुङ र दुई हजार ७०० मिटर लामो पेनस्टक पाइपमार्फत दोर्दी खोलाको पानीलाई विद्युत् गृहमा झारिने छ।'

यसको सफल परीक्षणसमेत भइसकेको आयोजनाले जनाएको छ । आयोजनाका अनुसार उक्त लाइन निर्माण भएसँगै परीक्षण उत्पादन थाल्ने र सफल भएसँगै व्यावसायिक रुपमा बिजुली उत्पादन हुनेछ ।

आयोजना निर्माणका क्रममा रु तीन अर्ब ९६ करोड लगानीमा निर्माण कार्य सम्पन्न गर्ने लक्ष्य रहे पनि बढेर हाल रु चार अर्ब ६३ करोड ६० लाख लाग्ने आयोजनाले जनाएको छ। आयोजनाको लागत प्रतिमेगावाट रु १८ करोड ५४ लाख लाग्ने कम्पनीको अनुमान छ। आयोजनाको बिजुली हिउँदको समयमा ८ रुपैयाँ ४० पैसा र वर्षायाममा ४ रुपैयाँ ८० पैसा हुने गरी प्रवर्द्धक कम्पनी लिवर्टी र विद्युत् प्राधिकरणबीच विद्युत् खरिद बिक्री सम्झौता (पिपिए) भएको छ ।

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

तेस्रो पटक प्रकाशित मिति २०७९/०३/२८

यस कम्पनीको मिति २०७८/१२/१७ मा सम्पन्न विशेष साधारण सभाको बमोजिम साविक कम्पनी **डि.एम. फाइनान्सियल एड्भाइजारी प्रा.लि. (प्रा.लि. नं. २७३९०७)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिबर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७९/०२/०५ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **तुलै फाइनान्सियल एड्भाइजारी प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

## कम्पनीको दर्ता खारेज गरिएको सूचना

प्रकाशित मितिः २०७९/०३/२८

यस कार्यालयमा मिति २०७८/०८/१३ मा दर्ता भएको **प्रा.लि.नं. २७८२५७** को **इन्फिनिटी लाइन्स कन्सल्टेन्ट सर्भिस प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७९/०३/२७ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ को उपदफा (१) को बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## मलेसियामा रोजगारको अवसर

कम्पनीः SJM Flex (M) Sdn. Bhd.
शहरः KELANG

पूर्व स्वीकृत मितिः २०७९/०३/२७ चलानी नं.: ६०१८३०८७ LT. No.: 267206

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Workers | 5 | 0 | स. काममा दक्ष | 1500 | ४२,८७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ साउन ३ गते (19 July 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | निशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामामा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

श्रम ई. पत्र नं.: १४५४/०७४/०७५
**All-Solution Employment Service Pvt. Ltd.**
Basubdhara-3, Kathmandu, Tel.: 015903078, 015903079
E-mail : info@allsolution.com.np, allsolution@gmail.com, Web.: www.allsolution.com.np

## मलेसियामा रोजगार

कम्पनीः MR D.I.Y. TRADING SDN BHD
शहरः JALAN

पूर्व स्वीकृत मितिः २०७९/०३/२३ चलानी नं.: ६०१८३०४८ L.T. No.:267153

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब Rm | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Whole Sale & Retail Shop Worker | 200 | 0 | स. काममा दक्ष | 1500 | ४२,८७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ साउन ३ गते (19 July 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामामा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Amity Global Employment Services Pvt. Ltd.**
Ranibari Marg,Samakhusi 26,Kathmandu, Tel : 4970366, 4970466
Govt. Lic. No. 467/060/061, Email: recruitment@amityglobalgroup.com

## साउदीमा रोजगार

कम्पनीः DANA BAY FOR MAINTENANCE AND OPERATION COMPANY
शहरः SAUDI

पूर्व स्वीकृत मितिः २०७८/०९/२३ चलानी नं.: ६०१७२३३९ L.T. No.: 255833 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labor | 1 | 0 | स. काममा दक्ष | 1200 | ४०,४४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ साउन ३ गते (19 July 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामामा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

ANJULIMA INT'L People. Factor. Perspective
**अन्जुलिमा इन्टरनेशनल प्रा. लि.**
श्रम इजाजत नं. ७७४/०६५/०६६
पोष्ट बक्स नं. २३२५१, कालीमाटीडोल, एयरपोर्ट, काठमाडौं, फोनः ४४७३१००, ४४७३३००
फ्याक्सः ४४७२६००, मोः ९८१३५४८४७२, ९८४९८१५४१५, पोखरा : ९८४६०२६२९१, ९८४९८३१०३३
Email: info@anjulimaintl.com | Web: www.anjulimaintl.com

## मलेसियामा रोजगार

कम्पनी : SHOON TEET PAPER BOXES MANUFACTURER SB.
शहरः Selangor

पूर्व स्वीकृत मितिः २०७९/०३/२७ चलानी नं.: ६०१८३०८१ LT. No.:267217

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 40 | 0 | स. काममा दक्ष | 1500 | ४२,८७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ साउन ३ गते (19 July 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसंग राख्नुहोला । ५. कामामा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Apollo Manpower Services Pvt. Ltd.**
Pinglasthan-9, Gausala, Kathmandu, Tel: 5901748, 5901370, Fax: 4490042
E-mail : amps@mos.com.np, info@apollomanpower.com
apollomanpower2017@gmail.com, Web : apollomanpower.com
श्रम इजाजत पत्र नं.: २२/०४८/०४९

## Mauritius मा वैदेशिक रोजगारको अवसर

कम्पनीःBEIJING CONSTRUCTION ENGINEERING GROUP(MAURITIUS) CO.LTD. शहरः QUATRE BORNES

पूर्व स्वीकृत मितिः २०७९/०३/१७ चलानी नं.: ६०१८२२९४ LT. No.: 266272 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब MUR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Barbender (Steel Fixer) | 40 | 0 | सम्बन्धित काममा दक्ष | 15000 | ४२,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Carpenter | 40 | 0 | | 15000 | ४२,६०० | | | | | | | |
| 3. | Electrician | 2 | 0 | | 16000 | ४५,४४० | | | | | | | |
| 4. | Excavator Operator | 3 | 0 | | 16000 | ४५,४४० | | | | | | | |
| 5. | Mason | 50 | 0 | | 15000 | ४२,६०० | | | | | | | |
| 6. | Mechanic | 10 | 0 | | 17000 | ४८,२८० | | | | | | | |
| 7. | Mobile Crane Operator | 1 | 0 | | 17000 | ४८,२८० | | | | | | | |
| 8. | Tip Truck Operator | 5 | 0 | | 15500 | ४२,६०० | | | | | | | |
| 9. | Welder | 2 | 0 | | 15000 | ४२,६०० | | | | | | | |

अन्तर्वार्ता अञ्जली ट्रेनिङ सेन्टर, इटहरी सुनसरीमा २०७९ साउन ३ गते (19 July 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. २०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. कामामा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**अल अयुनी ओभरसिज सर्भिस प्रा.लि.**
श्रम ईजाजत नं. १००५/०६८/६९
पो.ब.नं. ३६५४, कोटेश्वर-३२ (CCRC College संगै) काठमाडौं, फोनः ०१-५१००५०२
Mobile: 9801051815 / 9803210041 Email: cv@alayuni.com.np

## मलेसियामा रोजगार

१. कम्पनीः PURSHOTHAMS N-FERROUS SDN BHD
शहरः BUKTI TENGAH

पूर्व स्वीकृत मितिः २०७९/०३/२७ चलानी नं.: ६०१८३१०० LT. No.: 267160

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 38 | 0 | स. काममा दक्ष | 1500 | ४२,८७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

२. कम्पनीः COZZO FOOD INDUSTRIES SDN.BHD. शहरः KEDAH

पूर्व स्वीकृत मितिः २०७९/०३/२७ चलानी नं.: ६०१८३१०१ LT. No.: 267159

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 30 | 0 | स. काममा दक्ष | 1500 | ४२,८७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

३. कम्पनीः SHAN POORNAM GREEN TECH SDN.BHD. शहरः PERAI

पूर्व स्वीकृत मितिः २०७९/०३/२७ चलानी नं.: ६०१८३०९६ LT. No.: 267244

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 30 | 0 | स. काममा दक्ष | 1500 | ४२,८७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

४. कम्पनीः SHAN POORNAM METALS SDN.BHD. शहरः PINANG

पूर्व स्वीकृत मितिः २०७९/०३/२७ चलानी नं.: ६०१८३०९९ LT. No.: 267242

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 70 | 0 | स. काममा दक्ष | 1500 | ४२,८७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

५. कम्पनीः THYE HENG TECHNOLOGY SDN.BHD. शहरः PINANG

पूर्व स्वीकृत मितिः २०७९/०३/२७ चलानी नं.: ६०१८३०९८ LT. No.: 267243

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 10 | 0 | स. काममा दक्ष | 1500 | ४२,८७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ साउन ३ गते (19 July 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामामा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**A.N.S. ASSOCIATES PVT. LTD.**
**ए.एन.एस.एशोशिएट्स प्रा. लि.**
Govt. Lic. no.: 473/060/61
Boudha, Mahankal-06, Kathmandu, Nepal | Phone No. 01-5918472, 01-5918424
Mobile :9851089179/9812735209 E-mail : anspasang8125@gmail.com | Website : www.ansassociates.com.np

## कुवेतमा रोजगार

कम्पनीः THE HOUSE HOTEL COMPANY
शहरः Kuwait

पूर्व स्वीकृत मितिः २०७९/०३/२७ चलानी नं.: ६०१८३०२२ L.T. No.: 267108

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Chef De Partie | 2 | 0 | सम्बन्धित काममा दक्ष | 375 | १,५४,२९३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Commis Cook | 5 | 0 | | 175 | ७२,००३ | | | | | | | |
| 3. | Demi Chef De Partie | 2 | 0 | | 225 | ९२,५७६ | | | | | | | |
| 4. | Heavy Duty Driver | 1 | 0 | | 180 | ७४,०६१ | | | | | | | |
| 5. | Housekeeping Attendant | 10 | 5 | | 125 | ५१,४३१ | | | | | | | |
| 6. | Laundry Assistant | 2 | 0 | | 130 | ५३,४८८ | | | | | | | |
| 7. | Pool Attendant | 0 | 1 | | 150 | ६१,७१७ | | | | | | | |
| 8. | Security Assistant | 2 | 0 | | 150 | ६१,७१७ | | | | | | | |
| 9. | Steward | 10 | 0 | | 110 | ४५,२५९ | | | | | | | |
| 10. | Waiter | 5 | 0 | | 135 | ५५,५४५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ साउन ३ गते (19 July 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामामा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**ADVANCED** MANAGEMENT CONSULTANTS PVT.LTD.
"manpower supply & recruitment consultant"
Govt. License No.: 1470/074/075
**एडभान्स्ड म्यानेजमेन्ट कन्सल्टेन्स प्रा.लि.**
+977-1-4964211, 9801080183, 9801044492
Samakhusi-03, Kathmandu, Nepal
info@amgroup.com.np www.amgroup.com.np

## कतरमा रोजगार

कम्पनीः PARKER VIBES TRADING
शहरः DOHA

पूर्व स्वीकृत मितिः २०७९/०३/२४ चलानी नं.: ६०१८३०३५ L.T. No.:267021

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ५१,६६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Sales Executive | 1 | 0 | | 2100 | ७२,३२४ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालयमा २०७९ साउन ३ देखि ७ गते सम्म (19 to 23 July 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामामा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Samridhha Human Resources Pvt. Ltd.**
Gov. Lic No. 1045/073/074
Hattigaunda-08, Kathmandu, Tel: 01-4371370, 4371369, 9813033715
9851315449, Email: info@samriddhahr.com, Web.: www.samriddhahr.com

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com



## सिरहा डायरी

राजेन्द्र महतो/मध्यान्ह

# सिरहामा दुई जना मृत भेटिए



सिरहा र धनुषा जोड्ने कमला नदीमा दुई जनाको शव फेला परेको छ ।

सिरहाको करजन्हा नगरपालिका-१ कमला नदीको ढोका छेउमा १७ वर्षीय मो. अली र भारत बिहार बस्ने अन्दाजी २० वर्षका जफर शेखको शव सोमबार बिहान फेला परेको ईलाका प्रहरी कार्यालय मिर्चैयाले जनाएको छ ।

उनीहरु मामा-फुपुका छोराहरु हुन् । आइतबार साँझ ज ९ प ६१९४ नम्बरको मोटरसाइकलमा उत्तर बाहिनी घुम्न हिडेका उनीहरुको शव फेला परेको हो । दुबै जनालाई नदिले बगाएर कमला नदीको ढोका छेउमा ल्याइएको हुन सक्ने प्रहरीको भनाइ छ । शवलाई पोष्ट मार्टमको लागि प्रादेशिक अस्पतालमा लहानमा पठाइएको छ । घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# ब्राउन सुगरसहित युवक पक्राउ



सिरहामा लागूऔषध ब्राउन सुगरसहित एक युवकलाई प्रहरीले पक्राउ गरेको छ । सिरहा नगरपालिका -९ गुलरियाबाट ४ ग्राम ८३ मिलीग्राम ब्राउनसुगरसहित शम्भुप्रसाद यादव पक्राउ परेका हुन् ।

लागूऔषध नियन्त्रण ब्यूरो काठमाडौं र जिल्ला प्रहरी कार्यालय सिरहाबाट खटिएको संयुक्त टोलीले उनलाई नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ ।

# सर्लाहीमा नवजात शिशु फेला



**लक्ष्मण यादव/मध्यान्ह**
सर्लाही, २७ असार ।

सर्लाहीको बसबरिया गाउँपालिकामा एक नवजात शिशु (छोरा) बेवारिसे अवस्थामा फेला परेको छ । गत शनिबार जन्मिएकै दिन स्थानीयले बसबरिया गाउँपालिका वडा न.१ मानपुर बजार भन्दा सय मिटर पर रहेको बाँसको झारीबाट शिशुलाई फेला पारेका हुन् ।

उक्त नवजात शिशुलाई प्रदेशिक अस्पताल मलंगवाबाट जनकपुर पाठाइएको छ । शिशुलाई कसले त्यसरी छोड्यो भन्ने पत्ता लागेको छैन । यसबारे थप अनुसन्धान भइरहेको इलाका प्रहरी कार्यालय बरहथवाका प्रहरी नायब उपरीक्षाक डिएसपी उमाशंकर यादवले मध्यान्हलाई बताए ।

# हत्यामा संलग्न १५ वर्षपछि पक्राउ



काठमाडौं/मस- नेपाल प्रहरीले रवीन्द्रकुमार मल्लको हत्यामा संलग्न एक जनालाई पक्राउ गरेको छ । प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सिआइबी)ले विसं २०६४ कात्तिक १९ गते काठमाडौं महानगरपालिका-२६ गोँगबु मित्रनगरस्थित सडकमा कुटपिट गरी हत्या गर्ने कार्यमा संलग्न पोखरा महानगरपालिका-१४ मझेरीपाटनका ३६ वर्षीय कृष्ण मिजारलाई पक्राउ गरी सोमबार सार्वजनिक गरेको हो ।

ब्यूरोका प्रवक्ता, प्रहरी उपरीक्षक श्यामकुमार महतोले उच्च अदालत पाटनले १० वर्ष कैद सजाय फैसला गरेका मिजारलाई पोखरा महानगरपालिका-३० पावर हाउसबाट पक्राउ गरिएको जानकारी दिए ।

उच्च अदालत पाटनले पक्राउ मिजारलाई विसं २०६७ असोज १८ गते १० वर्ष कैद हुने फैसला गरेको थियो । पक्राउ मिजारलाई फैसला कार्यान्वयनका लागि जिल्ला अदालत कास्कीमा पेश गरिएको प्रवक्ता महतोले बताए ।


## Vacancy Announcement

A Leading Recruitment Agency needs young, highly smart and Intelligent Staff for the Following post.

- DOCUMENTATION : 2 (Female)
- RECEPTIONIST: 2 (Female)

→ Salary-ATTRACTIVE



Requirements:
- Compulsory +12 passed.
- Well known of computer Knowledge.
- Must have 2 years experience in same field.

**Radium International Employment Services Pvt. Ltd.**
Pingalasthan-09, Gaushala, Kathmandu, Tel. : 01-4489492
01-4485172 , Email: info@radiumemployment.com
श्रम इजाजत नं. १६८/०६७/०६८


# सर्लाहीबाट लागूऔषधसहित दुई जना पक्राउ

**जनकपुरधाम/मस–** सर्लाहीबाट लागूऔषधसहित दुई जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेमा सर्लाहीको कोडैना गाउँपालिका-२ का २८ वर्षीय रितेश कुमार यादव र लालबन्दी नगरपालिका २ का ३४ वर्षीय रोशन भन्ने बिजय कुमार घिमिरे रहेका प्रहरीले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय सर्लाहीका अनुसार सोमबार दिउँसो सावा तीन बजे लालबन्दी-१ नवलपुर चोकस्थित मलंगवाबाट नवलपुरतर्फ जाँदै गरेको बीआर ३० एए ३३६५ नम्बरको मोटरसाइकललाई विशेष सूचनाको आधारमा चेक जाँच गर्दा झोलामा गम्छाले बेरी मोटरसाइकलको लेगार्डमा झुन्ड्याएको अवस्थामा नाइट्राभेट ट्याब्लेट १५ सय चक्कीसहित यादवलाई नियन्त्रणमा लिइएको हो ।

पक्राउ परेका यादवलाई कार्यालयमा लगेर सोधपुछ गर्दा यस कार्यमा घिमिरे समेत संलग्न रहेको र उनको घरमा लागूऔषध राखेको भनेपछि घिमिरेको घरमा गई खानतलासी गर्दा डाइलेक्स डिईको ९० बोतल बरामद भएको उनले बताए । दुबै जनालाई नियन्त्रणमा लिएर थप अनुसन्धान अगाडि बढाइएको जिल्ला प्रहरी कार्यालय सर्लाहीले जनाएको छ ।


## साउदीमा रोजगारको अवसर | कम्पनी : AL KADI TRADING AND INDUSTRY
शहर : SAUDI ARABIA

पुर्व स्वीकृत मितिः २०७९/०३/२७ चलानी नं.: ६०१८३०८३ LT. No.: 267129

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 5 | 0 | स. काममा दक्ष | 1100 | ३७,०७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालयमा २०७९ साउन ३ गते (19 July 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

